का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १७, अंक ३०४
- १० माघ २०७६, शुक्रबार
- 24 January 2020, Friday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

## राष्ट्रियसभा निर्वाचन

# नेकपा गठबन्धनको 'क्लिन स्वीप'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ माघ



राष्ट्रियसभा सदस्यको निर्वाचनमा सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को गठबन्धनले क्लिन स्वीप गरेको छ । ६ वटा प्रदेशमा नेकपाले एक्लै १४ सिट जितेको छ भने प्रदेश दुईमा नेकपा र राजपाको गठबन्धनले दुई-दुई सिट जितेको छ ।

बिहीबार भएको निर्वाचनमा स्थानीय तहतर्फ ९९.१९ प्रतिशत मतदान भएको थियो भने प्रदेशसभा सदस्यतर्फ ९९.१५ प्रतिशत मत खसेको थियो । प्रदेश २ मा भने शतप्रतिशत मत खसेको छ । राष्ट्रियसभा सदस्यको १८ पदका लागि मतदान भएको थियो । निर्वाचनका लागि मुलुकका सातै प्रदेशका उच्च अदालत रहेका जिल्लामा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको थियो ।

**प्रदेश २ मा नेकपा–राजपा विजयी**

राष्ट्रियसभाका रिक्त ४ पदका लागी प्रदेश २ को निर्वाचनमा नेकपा-राजपा गठबन्धन विजयी भएको छ । घोषित मतपरिणाम अनुसार महिला कलस्टरतर्फ नेकपाकी तुलसा दाहाल विजयी भएकी छन् । दाहालले ५ हजार २ सय ८ मतभार प्राप्त गरेकी थिइन् भने उनको प्रतिद्वन्दी नेपाली कांग्रेसकी नगिना यादवले ४ हजार ७ सय ४० मत प्राप्त गरिन् । दलित क्लस्टरतर्फ नेकपाका राधेश्याम पासवान विजयी भएका छन् । पासवानले ५ हजार २ सय ९२ मत प्राप्त गरेका थिए भने उनका प्रतिद्वन्दी संघीय समाजवादी पार्टीका रामप्रीत पासवानले ४ हजार ७ सय ४ मत प्राप्त गरेका थिए ।

अन्य समूहबाट राजपाका मृगेन्द्र सिंह यादव ५ हजार ४ सय मतभार प्राप्त गरी विजयी भएका थिए भने उनका प्रतिद्वन्दी अनिरुद्ध यादवले ४ हजार ५ सय १२ मतभार प्राप्त गरेका थिए । यसैगरी अल्पसंख्यक समूहबाट राजपाका शेखरकुमार सिंह ५ हजार ५ सय २ मतभार प्राप्त गरी विजयी भएका छन । उनका प्रतिद्वन्दी नेपाली कांग्रेसका भोला पजियार ४ हजार ५ सय १२ मत प्राप्त गरेका छन् ।

**गण्डकी प्रदेश : दुबै सिटमा नेकपा**

गण्डकी प्रदेशबाट राष्ट्रियसभाको दुई सिटका लागि भएको निर्वाचनमा नेकपाका उम्मेदवारहरु विजयी भएका छन् । नेकपाका प्रवक्ता समेत रहेका नारायणकाजी श्रेष्ठ र भगवती न्यौपाने राष्ट्रियसभा सदस्यमा निर्वाचित भएका हुन् ।

निर्वाचनलगत्तै भएको मतगणनामा श्रेष्ठले ३४६२ र न्यौपानेले ३३६६ मतभार ल्याएको निर्वाचन कार्यालयले जनाएको छ ।

**प्रदेश ५ : नेकपा तीनै सिटमा विजयी**

प्रदेश ५ बाट राष्ट्रियसभा सदस्य निर्वाचनमा नेकपाका उम्मेदवार विजयी भएका छन् । नेकपाबाट महिलातर्फ बिमला घिमिरे, अपांग तथा अल्पसंख्यकमा जगप्रसाद शर्मा र अन्यबाट गोपाल भट्टराई विजयी भएको मुख्य निर्वाचन अधिकृत रितेन्द्र थापाले बताए । अपांगरअल्पसंख्यक कोटाबाट शर्मा ५ हजार ४ सय २४ मतभारसहित विजयी भएका छन् । शर्माका प्रतिस्पर्धी नेपाली काँग्रेसका मेराज अहमद हलवाई १ हजार ९८६ मतभार प्राप्त गरेर पराजित भएका छन् । संघीय समाजबादी पार्टीका सुनिल सिंघलले ४२० मतभार प्राप्त गरेका छन् ।

महिलातर्फ घिमिरे ५ हजार ७ सय ७८ मतभार ल्याएर विजयी भएकी छन् । नेपाली काँग्रेसकी गिरिजादेबी न्यौपाने २ हजार १ सय मतभारसहित पराजित भएकी छन् । अन्य समूहका भट्टराई ५ हजार ३ सय ८२ मत ल्याएर विजयी भएका छन् । कांग्रेसका बालकृष्ण पाण्डे २ हजार ५२ मतभार प्राप्त गर्दा संघीय समाजवादीका कृष्णप्रसाद यादवले ४ सय ४४ र राष्ट्रिय जनमोर्चाका शिव पौडेलले १ सय ५६ मतभार प्राप्त गरेका छन् । प्रदेश ५ बाट तीन पदका लागि ९ जनाको उम्मेद्वारी परेको थियो ।

**कर्णाली प्रदेश : दुबै सिटमा नेकपा**

कर्णालीमा राष्ट्रियसभा सदस्यको चुनावमा नेकपाका उम्मेद्वार माया प्रसाद शर्मा र सुमित्रा बिसी विजयी भएका छन् । आचार्यले ३ हजार ६ सय १८ र बिसीले ३ हजार ६ सय ८४ मतभार प्राप्त गरेका छन् । यसैगरी नेपाली कांग्रेसका उम्मेदार डिल्लीराज पाठकले ९ सय ७६ र महिला उम्मेदार गणेश कुमारी बस्नेतले एक हजार २१६ मतभार प्राप्त गरेका छन् ।

कर्णालीमा ९८.४८ प्रतिशत मत खसेको थियो । सुर्खेतका निर्वाचन अधिकृत राजेन्द्रप्रसाद आचार्यका अनुसार कुल १ सय ९८ मतदातामध्ये १ सय ९५ जना मतदाताले मतदान गरेका हुन् । कर्णालीमा कुल मतदातामध्ये तीनजना मात्रै उपस्थित भएनन् । निर्वाचन कार्यालयका अनुसार कालिकोटको तीलागुफा नगरपालिकाकी उपप्रमुख दन्ता नेपाली, डोल्पाको डोल्पो बुद्ध गाउँपालिका उपाध्यक्ष मल्लटासी गुरुङ र हुम्लाका नाम्खा गाउँपालिमका उपाध्यक्ष पेमा तामाङ मतदानमा उपस्थित नभएका हुन् ।

**प्रदेश १ : नेकपा विजयी**

राष्ट्रियसभा सदस्य निर्वाचनमा प्रदेश १ बाट सबै नेकपाका उम्मेदवार निर्वाचित भएका छन् । नेकपाका बाँकी पृष्ठ २ मा

# साझा यातायातलाई झट्का

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ माघ



सरकारको निर्णयबाट साझा यातायातलाई ठूलो झट्का लागेको छ । सरकारले साझा यातायात सहकारी संस्था लिमिटेडलाई ३ सय वटा नयाँ विद्युतीय बस खरिद गर्न उपलब्ध गराएको ३ अर्ब रुपैयाँ ब्याजसहित फिर्ता लिने निर्णय गरेपछि साझा यातायातलाई ठूलै झट्का लागेको छ । सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाले बिहीबार मन्त्रालयमा आयोजना गरिएको पत्रकार सम्मेलनमा उक्त निर्णय बारे जानकारी दिएका हुन् ।

मन्त्रिपरिषद्को २०७६ असार २४ र असार २९ को निर्णयानुसार साझा यातायात सहकारी संस्था लिमिटेडलाई तीन सय वटा नयाँ विद्युतीय बस खरिद गरी सञ्चालन गर्ने जिम्मेवारीसहित उक्त संस्थामा नेपाल सरकारतर्फबाट सेयर लगानीबापत ३ अर्ब प्रदान गरिएको थियो । मन्त्री बाँस्कोटाले भने, 'उक्त संस्थाले निर्धारित समयभित्र ती बसहरू सञ्चालन गर्न नसकेको हुँदा नेपाल सरकारले साझा यातायात सहकारी संस्था लिमिटेडमा सेयरबापत लगानी गरेको ३ अर्ब रुपैयाँ र सो रकम उक्त लिमिटेडलाई बाँकी पृष्ठ २ मा

# अदालतबाटै सिद्धबाबा फरार

## अंगरक्षक पक्राउ

**मध्यान्ह संवाददाता**
विराटनगर, ९ माघ

आफ्नै महिला भक्तको बलात्कारका आरोपी सिद्धबाबा भनिने कृष्णबहादुर गिरी फरार भएका छन् । गिरीलाई धरौटीमा राखेर अनुसन्धान गर्न जिल्ला अदालत सुनसरीले दिएको आदेश उच्च अदालत विराटनगरले बदर गरेपछि उनी फरार भएका हुन् ।

गिरीलाई जिल्ला अदालत सुनसरीले पुसमा धरौटीमा छोड्न आदेश दियो । दुई दिनसम्म चलेको थुनछेक बहसपछि न्यायाधीश राधाकृष्ण उप्रेतीको इजलाशले गिरीलाई तीन लाख धरौटीमा छाड्न आदेश दिएको हो । तर, बिहीबार उच्च अदालतका मुख्य न्यायाधीश तिलप्रसाद श्रेष्ठ र न्यायाधीश प्रेमराज कार्कीको इजलासले गिरीलाई धरौटीमा छाड्ने आदेश बदर गरी थुनामा राखेर मुद्दाको पूर्पक्ष गर्न आदेश दिएको हो ।

आदेशविरुद्ध सरकारी वकिलको कार्यालयले उच्च अदालत विराटनगरमा निवेदन दायर गरेको थियो । सिद्धबाबाले पनि साधारण तारेखमा मुद्दाको पूर्पक्ष माग गर्दै निवेदन बाँकी पृष्ठ २ मा

# बिरामी कामदार भेट्न नेपाल आए कोरियाली मालिक !



**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ माघ

सामान्यतया औद्योगिक परिवेशमा कामदार र मालिकको सम्बन्ध विपरित स्वार्थमा अडिएको वा टिकेको मानिन्छ तर कोरियाका एक रोजगारदाता यो मान्यताको विपरित देखिएका छन् । उनी आफ्नो कम्पनीमा काम गरेर बिदामा नेपाल आएका एक कामदार बिरामी भएको खबर पाएपछि सहयोग र सहानुभुतिका लागि आफु स्वयं नेपाल नै आएर भेटेका छन् । ती कोरियाली रोजगारदाताको कामदार मैत्री व्यवहार देखेर सियोलस्थित नेपाली दूतावासका काउन्सेलर श्रम डिल्लिरामा बास्तोला आफ्नो हृदय नै पग्लिएको बताउँछन् ।

आफ्नो बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मलेसियामा अवैध कामदार अझै बाँकी

**काठमाडौं/मस–** गतवर्ष सञ्चालन गरेको 'गुड फर ब्याक' कार्यक्रमबाट अपेक्षित रुपमा अवैध रुपमा बसीरहेका विदेशी कामदार घर नफर्किपछि मलेसियाले यस वर्ष नयाँ कार्यक्रम ल्याउने भएको छ । मलेसियाले गतवर्ष अगस्ट देखि गत डिसेम्बर ३१ सम्म अवैध आप्रवासी कामदार घर फर्काउन गुड फर ब्याक कार्यक्रम घोषणा गरेको थियो ।

त्यस कार्यक्रमबाट पनि मलेसियामा बसेका सबै अवैध कामदार घर नफर्किएपछि यस वर्षपनि कार्यक्रम सञ्चालन गर्ने त्यहाँका गृहमन्त्री मुहियिद्धिन यासिनले बताएका छन् । तर कार्यक्रमको स्वरुपबारे अन्य सरोकारवाला मन्त्रालयहरुसँग छलफल गरेर सार्वजनिक गरिने उनको भनाइ रहेको छ ।

मलेसियाका नेपाली कामदार करार अवधि सकिनासाथ घर फर्किने आप्रवासी कामदारको वर्गमा पर्ने गरेका छन् । गत वर्षसम्म १२ हजारको हाराहारीमा अवैधानिक रुपमा रहेका नेपाली कामदार गुड फर ब्याक कार्यक्रममा सहभागी भई आठ हजारको हाराहारीमा घर फर्किई अझै ४ हजार अवैध रुपमा बसी रहेको अनुमान गरिएको छ । मलेसियाली गृहमन्त्री यासिनले अटेर गरी बस्ने अवैध आप्रवासी कामदार विरुद्ध कडा कानूनी प्रबन्ध गर्ने संकेत दिएका छन् ।

५५ वर्षको साथ,
सुख दु:खमा हात

५५ औं वार्षिकोत्सव



यस सुखद् अवसरमा हामीलाई सधैं आफ्नोपनको आभाष दिने हाम्रा ग्राहकवर्ग, नियमनकारी निकाय, नेपाल सरकार, शेयरधनी एवं सम्पूर्ण शुभेच्छुकहरुमा विशेष धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा अझै ग्राहकमुखी तथा उत्कृष्ट बैंकिङ्ग सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

आफ्नो भनेको आफ्नै हुन्छ

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.

ने.रा.बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था ...तपाईंको आफ्नै बैंक

RBB/DigiPro/2020

राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय कार्यालय, सिंहदरबारप्लाजा, काठमाण्डौ
फोन: (९७७-१) ४२५-२५९५ । फ्याक्स: (९७७-१) ४२५-२९३१ । इमेल: rbb.info@rbb.com.np
वेबसाइट: www.rbb.com.np

UAE को प्रतिष्ठित कम्पनीमा महिला तथा पुरुषलाई रोजगार

Company : MBM CLEANING SERVICE City : UAE

LT. No.: 225961

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | क्लिनर | 350 | 200 | [illegible] | 800 | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | [illegible] |

सामान्य लेखपढ गर्न सक्ने भई उमेर १९ वर्ष पुरा भई ३८ वर्ष ननाघेको हुनुपर्नेछ ।

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट शनिबार पनि कार्यालय खुला रहनेछ ।
प्रधान कार्यालय काठमाडौंमा माघ १० गते (आज) र ११ गते (भोलि) हुनेछ ।

पास इन्टरनेशनल प्रा. लि.
पास हाउस, सामाखुसी, काठमाडौं (अल नेपाल हस्पिटलको अगाडि नेचर बोर्डिङ स्कूलसँगै)
फोन नं. ४३८१३२२, ४३८१४२२, मो. ९८०२०९६६९२, ९८०२०९६६९६, ९८०२०९६६९३

बहराइनमा Security Guard का आवश्यकता

१ कम्पनी: SECURI CORE SPC OWNED BY RASHEED AL-FAWAZ शहर: BAHRAIN
LT. No.: 225053

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने.रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 28 | 19 | [illegible] | 120 | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | [illegible] |

२ कम्पनी: AL RAYAH FOR SAFETY ITEMS WLL शहर: MANAMA
LT. No.: 216630

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने.रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 88 | 10 | [illegible] | 120 | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | [illegible] |

उमेर २१ देखि ४० वर्ष, उचाई ५ फिट ५ इन्च माथि, SLC पासका साथै कामको अनुभव भएमा पनि English बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ । शनिबार पनि कार्यालय खुला रहनेछ ।

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मेनपावर कार्यालय तिलगंगा, काठमाडौंमा माघ ११ गते शनिबार (25 Jan. 2020) मा हुनेछ ।

Sky Of The World Manpower Pvt. Ltd.
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4488231, 4491316
Mob.: 9851068774, 9851035867, 9849964370, 9851164164, 9843599530, 9806950365
E-mail : skymanpower200@gmail.com, info@skymanpower.com, Web:www.skymanpower.com

# मतदानपछि मनाङे पक्राउ

मध्यान्ह संवाददाता
पोखरा, ९ माघ

'आज मैले झापड मात्र हाने तर यिनीहरुलाई गोली हान्नुपर्ने हुन्छ । तर, के गर्ने हाम्रो गोली हान्ने निकाय छैन ।' प्रदेशसभा सदस्य राजीव गुरुङ उर्फ दीपक मनाङे बुधबार आयोजित पत्रकार सम्मेलनमा यसरी आफ्नो धारणा राख्दै थिए ।



अखिल नेपाल फुटबल संघ (एन्फा) कास्कीका अध्यक्ष मिलन गुरुङमाथि हातपात गरेको आरोप लागेका मनाङेविरुद्ध प्रहरीमा जाहेरी पर्‍यो । तर, मनाङेले पत्रकार सम्मेलन गर्दै अध्यक्षमाथि गोली हान्नुपर्ने तर्क गरे । एकातिर मना मनाङेविरुद्ध प्रहरीमा किटानी जाहेरी परेको थियो भने अर्कोतिर प्रहरी पनि आफुले नै बनाएको बताइरहेका थिए ।

बिहीबार मना मनाङेविरुद्ध जिल्ला प्रशासन कार्यालय कास्कीले पक्राउ गर्ने अनुमति दिएको थियो । तर, प्रहरी तत्कालै पक्राउ गर्ने मुडमा पुगेन् । किनकी बिहीबार हुने राष्ट्रियसभा निर्वाचनमा उनी मतदान गर्दैथिए । जब मनाङेले राष्ट्रिय सभा सदस्यका लागि मतदान गरेर पोखराको लेकसाइडस्थित होटलतर्फ अघि बढे, अनि सादा पोशाकमा खटिएका प्रहरीले नियन्त्रणमा लियो ।

प्रशासनको अनुमति पाएलगत्तै पक्राउ गरिएको भए निर्वाचनमा नेकपालाई घाटा लाग्थ्यो । त्यसका लागि पनि सत्तारुढ नेकपाले मतदानपछि मात्र पक्राउ पर्नुपर्ने संकेत गरेको थियो । सोही अनुरुप मतदानपछि मात्र प्रहरीले मनाङेलाई पक्राउ गरेको हो ।

पोखराको लेकसाइडमा रहेको होटेल प्याराडाइजबाट बिहीबार दिउँसो उनलाई सादा पोशाकमा खटिएका प्रहरीले पक्राउ गरेका हुन् । जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी उपरीक्षक (एसपी) दानबहादुर कार्कीले मनाङेलाई पक्राउ गरिएको पुष्टि गर्दै अनुसन्धान थालिएको जानकारी दिए ।

# नातीसँग सुत्न नपाउँदा बुहारीको हत्या

बुटवल/९ मस- दाङमा एक बृद्धले आफ्नै बुहारीको हत्या गरेका छन् । नातीलाई सँगै सुत्न नपठाएको झोममा चक्कू प्रहार गरि बुहारीको हत्या गरेका हुन् । गढवा गाउँपालिका- ४, रामनगरका ६५ वर्षीय कुलमान योगी कुँवरले आफ्नै २७ बर्षीया बुहारी बसन्ता योगी कुँवरको पेट, ढाड र छातीमा चक्कु प्रहार गरी हत्या गरेका हुन् ।



चक्कु प्रहारबाट गम्भीर घाइते भएकी बसन्तालाई तत्कालै उपचारका लागि कोहलपुर अस्पताल लगिएको थियो । तर, डाक्टरले तत्कालै उनलाई मृत घोषणा गरेका थिए । बुहारीको हत्या अभियोगमा कुँवरलाई प्रहरीले पक्राउ गरेको छ ।

बुहारी हत्या अभियोगमा पक्राउ परेका योगीमाथि कर्तव्य ज्यान मुद्दा अदालत अन्तर्गत अनुसन्धान भइरहेको दाङका प्रहरी प्रमुख एसपी जनक भट्टराईले जानकारी दिए ।

यसरी भयो घटना

बिहीबार राति करिव साढे ८ बजेको समयमा घरमा खाना खाने बेला भएको थियो । कान्छी बुहारी बसन्ताका श्रीमान सञ्जय योगी कुँवर कुखुराको दाना किन्न भन्दै बजार गएका थिए । बसन्ता ७ बर्षीया छोरी र जेठाजुका ९ बर्षका छोरा समेत खाना खुवाउँदै थिएन् ।

बसन्ताकी जेठानीको नाम पनि बसन्ता नै हो । बेग्लै घरमा जेठानी बसन्ता र उनका छोराछोरी बस्ने गरेका थिए । जेठानीका एक छोरी र एक छोरा छन् । तीमध्ये ९ बर्षीय नातीसँग योगी सधैं सँगै सताउँदै आएका थिए । तर, गत ४/५ दिनयता हजुरबुबासँग सुत्न जान उनी पटक्कै मान्न छाडेका थिए ।

६ महिनाअघि ती योगीकी श्रीमतीको मृत्यु भएको थियो । उनी बसन्ताले पकाएको खाना खाने गर्थ्ये । खाना खाएर नातीलाई सुत्नका लागि बोलाउन पठाए । हिजो राती पनि सँगै सुत्न नमानेपछि कान्छी आमाको घरमा लुक्न गएका नातीलाई मलाई नातीसँग सुत्न जान रोक्ने यहि हो (कान्छी बुहारी बसन्ता) भन्दै चक्कु लिएर घरभित्र पसे ।

खाना खाँदै गरेको अवस्थामा पहिला बसन्ताको पेटमा निर्मम ढङ्गले चक्कु हाने । बसन्ताले ' बचाओ.. बचाओ..' भन्दै गुहार मागेपछि जेठानी दिदी जोगाउन अल्लो घरमा आएर हेर्दा देउरानी बसन्ता चिच्चाउँदै थिइन् । बचाउन खोज्ने क्रममा जेठी बुहारीमाथि पनि जाइलाग्न थाले ।

बसन्तालाई फेरी ढाड शरीरका अन्य अङ्गमा पनि चक्कु प्रहार गर्न नछाडेपछि आफू र दुवैतर्फका तीन सन्तानको समेत ज्यान जाने डरले जेठी बुहारी बच्चाहरु लगेर भागिन् ।

नाती सुत्न आउन नमानेको दोस्रो दिन अर्थात तिन दिनअघि पनि जेठी बुहारीलाई समेत चक्कु हान्ने प्रयास गरेका थिए । हजुरबुबासँग सधैं सँगै सुत्ने नाती केहिदिन यता हजुरबुबाले सिरानीमा चक्कु राख्दै आएको देखेर हो वा अन्य कारणले केहि दिन यता हजुरबुबासँग सुत्न जान मान्न छाडेको थियो ।

# बैतडी न्यूनतम खाद्य असुरक्षित क्षेत्र

विनोदसिंह विष्ट/रासस
बैतडी, ९ माघ

बैतडीका विभिन्न क्षेत्र न्यूनतम खाद्य असुरक्षित क्षेत्रका रुपमा रहेका छन् । तीन महिनासम्म पनि बारीमा उत्पादित अन्न खानका लागि नपुग्ने क्षेत्रलाई न्यूनतम खाद्य असुरक्षित क्षेत्रका रुपमा राखिएको कृषि ज्ञान केन्द्र बैतडीका निमित्त प्रमुख कर्णबहादुर चन्दले बताए । साविकको जिल्ला कृषि विकास कार्यालयले तीन वर्ष अघि गरेको अध्ययन अनुसार बैतडीका महाकाली, पञ्चेश्वर, शिवनाथ, कुलाउ, सिगास, थालाकाँडा, ढुङ्गाड क्षेत्रलाई न्यूनतम खाद्य असुरक्षित क्षेत्रका रुपमा राखिएको छ । पछिल्ला तीन वर्षयता पनि खाद्यान्न उत्पादनमा सुधार नआएकाले ती क्षेत्र खाद्यान्न असुरक्षित रुपमा रहेको निमित्त प्रमुख चन्दले जानकारी दिए । पछिल्लो समयमा खडेरी, जङ्गली जनावरलगायतका कारणले बालीनालीमा क्षति पुगेपछि खाद्यान्न उत्पादन घटेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

स्थानीयले खेत बाँझै छोडेकाले खाद्यान्न उत्पादनमा कमी आउन थालेको हो । जङ्गली जनावर र बाँदरका कारण खेत बाँझै छोड्नुपरेको दशरथचन्द नगरपालिका-५ का स्थानीय पुष्पा चन्दले बताए । उनले भने, 'बारीमा लगाएको बाली बाँदरले सखाप पार्ने भएकाले खेत बाँझै छोड्न बाध्य भएका छौं,' मुख्य खाद्यबालीको रुपमा रहेको मकैबाली पनि जङ्गली बदेलले नष्ट गर्न थालेपछि खाद्यान्न अभाव हुँदै गएको स्थानीयवासीरुले बताएका छन् ।

**खाद्यान्न पनि अपुग**

यसैबीच जिल्लामा उत्पादित खाद्यान्न जिल्लावासीलाई अपुग हुने गरेको छ । पछिल्ला वर्षमा खाद्यान्न उत्पादनमा कमी आएसँगै जिल्लामा आवश्यक खाद्यान्न बाहिरी जिल्लाबाट आयात गर्नुपर्ने अवस्था आएको ज्ञान केन्द्र बैतडीका निमित्त प्रमुख कर्णबहादुर चन्दले जानकारी दिए । उनले भने, ' जङ्गली बँदेल तथा बाँदरका कारणले खेतीयोग्य जमिन बाँझै राख्ने प्रवृत्ति बढेपछि खाद्यान्न उत्पादनमा कमी आएको हो ।'

जिल्लामा वार्षिक ५० हजार ६७५ मेट्रिक टन खाद्यान्न आवश्यक परे पनि ४३ हजार ३४३ मेट्रिक टन मात्रै उत्पादन हुने गरेको छ । वार्षिक सात हजार ३३२ मेट्रिक टन खाद्यान्न अपुग हुने गरेको चन्दले जानकारी दिए । बैतडीको मुख्य खाद्यबालीको रुपमा रहेको मकै उत्पादनमा कमी आउन थालेपछि खाद्यान्न अपुग हुन थालेको हो । पहिला पहिला थोरै आयात गर्नुपर्ने भए पनि पछिल्ला दश वर्षयता अपुग खाद्यान्नको परिमाण बढ्दै गएको चन्दको भनाइ थियो ।

**मकैखेतीको क्षेत्रफल घट्दै**

यस्तै मकैखेती गरिने जमिनको क्षेत्रफल घट्दै गएपछि उत्पादन पनि घट्दै गएको छ । कूल १४ हजार ५०० हेक्टर जमिनमा मकै खेती गरिँदै आएकोमा गत वर्ष १२ हजार २०० हेक्टर जमिनमा मकै खेती गरिएको छ । गत वर्ष २३ हजार २०० मेट्रिक टन मकै उत्पादन भएकोमा यो वर्ष १९ हजार ७६४ मेट्रिक टन उत्पादन भएको छ ।

## साझा ...

उपलब्ध गराइएको मितिदेखि हालसम्मको ब्याज रकमसमेत नेपाल सरकारको नाममा फिर्ता लिने निर्णय गरिएको छ ।' त्यसैगरी, सरकारले २०७५ पुस ९ को निर्णयानुसार वातावरणीय विद्युतीय बसको प्राविधिक विवरण र लागत अनुमान एवं विद्युतीय बस आपूर्तिका लागि सर्तसमेत तयार गरी नयाँ विद्युतीय बस खरिद गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई सैद्धान्तिक सहमति दिएको उनले जनाए । सरकारको तर्फबाट उक्त कार्यका लागि ३ अर्ब रुपैयाँ अर्थ मन्त्रालयले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई उपलब्ध गराउने मन्त्री बाँस्कोटाले बताए ।

यता मन्त्रिपरिषद्को निर्णयपछि साझा यातायात लिमिटेडका अध्यक्ष कनकमणि दीक्षितले सरकारले विद्युतीय बस सेवालाई रोक्न खोजेको आरोप लगाएका छन् ।

दीक्षितले भने,'सरकारको निर्णयले नेपालमा विद्युतीय बस सञ्चालन प्रकियालाई रोक्न खोजेको देखिएको छ । सरकारले पहिला साझा यातायातलाई विश्वास गर्ने अहिले एक्कासी कसरी अविश्वास गरेको किन हो, कारण बुझिएन ।' उनले साझा यातायातले के नराम्रो गर्‍यो जसले निर्णय फिर्ता लिनुपर्‍यो भन्दै सरकारलाई प्रश्नसमेत गरे । 'हामी देशभर विद्युतीय बस सञ्चालन गरी स्वच्छ वातावरणसहित आर्थिक समृद्धिबाटोमा अगाडि बढ्ने भन्दै उत्साहित थियौं,' उनले भने 'हाम्रो उत्साहलाई मार्ने काम भयो ।'

## राष्ट्रियसभा...

उम्मेदवारहरु गोपी अच्छामी, इन्दिरा गौतम र देवेन्द्र दाहाल निर्वाचित भएका हुन् । अच्छामी दलिततर्फका सदस्यमा, गौतम महिला र दाहाल अन्यतर्फका सदस्यमा निर्वाचित भएका हुन् ।

अच्छामीले ६ हजार ३ सय ३० मतभार पाए । उनका प्रतिद्वन्द्वी नेपानी कांग्रेसका निरबहादुर विकले २७ सय १८ र समाजवादी पार्टीका ज्ञानबहादुर परियारले ६ सय ६४ मतभार पाए । महिलातर्फ विजयी इन्दिरा गौतमले ६ हजार ४ सय २२ मतभार पाइन् । अन्यतर्फ विजयी दाहालले ६ हजार २ सय ३४ मतभार पाए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका देवेन्द्र घिमिरेले २ हजार ७ सय ६६ र समाजवादी पार्टीका भरतबहादुर दाहालले २ सय ६४ मतभार पाए ।

**सुदूरपश्चिम प्रदेश**

राष्ट्रियसभामा सुदूरपश्चिम प्रदेशको अन्य समूहबाट नेकपाका तारामान स्वाँर र महिला समूहबाट नेकपाकै शारदा भट्ट निर्वाचित भएका छन् । स्वाँरले ३७ सय २० मतभार पाए भने उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका प्रतापसिंह ठगुन्नाले १८ सय ४२ मतभार पाए ।

यसैगरी भट्टले ३ हजार ७ सय ३८ मतभार पाई विजयी भएकी भट्टले प्रतिद्वन्दी नेपाली कांग्रेसका तुलसी देवकोटाले भन्दा १८ सय ८४ मतभारले पराजित गरिन् । देवकोटाले १८ सय ५४ मतभार पाए ।

**बागमती प्रदेश**

बागमती प्रदेशबाट नेकपाका दुईजना उम्मेदवार विजयी भएका छन् । महिलातर्फ गंगाकुमारी बेल्बासे, अन्यतर्फ बेदुराम भुषाल विजयी भएका छन् ।

## अदालतबाट...

दायर गरेका थिए । यता सिद्धबाबा उच्च अदालतमा मुद्दा चल्दाचल्दै भारत लागेका छन् । अनुयायीलाई बलात्कार गरेको अभियोगमा जिल्ला अदालतबाट धरौटीमा छुटेका सिद्धबावा उच्च अदालत परिसरबाटै भारततिर लागेका हुन् ।

नेपाल प्रहरीका हवल्दार अंगरक्षक र गाडी फर्काएर गिरी जोगवनी नाकाबाट भारत पसेका हुन् । प्रहरीले भने गिरी उपचार गराउन भारत हिँडेको दाबी गरेको छ । सुनसरीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक यज्ञविनोद पोखरेलले गिरी उपचारका लागि भन्दै भारत गएको हुनसक्ने बताए । गिरी भारततर्फ गएपछि सुरक्षा गार्ड हवल्दार मुकेश साहलाई अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय मोरङ तानिएको छ । जगदगुरु घोषणा भएपछि कृष्णदासलाई नेपाल प्रहरीका हवल्दारलाई उनको सुरक्षार्थ अंगरक्षक खटाइएको थियो ।

## बिरामी...

कम्पनीमा कार्यरत कामदार भेट्न नेपाल आएका कोरियाली रोजगारदाता किम जोङ चान बुधबार काउन्सेलर श्रम बास्तोलालाई भेट्न सियोलस्थित नेपाली दूतावास पुगेका थिए । उनी कोरियामा सानो आकारको क्रुज निर्माण गर्ने वाइ एण्ड आई क्रुज सिप कम्पनीका एक्जुकेटिभ डाइरेक्टर हुन् । उनको कम्पनी कोरियाको क्युगनाम तोङयुङमा रहेको छ । उनको कम्पनीमा ९ जना विदेशी कामदार कार्यरत छन् । उनीहरु सबै नेपाली कामदार हुन् । मेहनती र इमान्दार नेपाली कामदारको स्वभावका कारण किम पहिले देखि नै नेपाली कामदारबाट प्रशन्न र प्रभावित रहेका थिए । उनी नेपाली कामदारहरुको बारेमा बुझ्न पहिलो पटक सन् २०१७ मा नेपाल आएका थिए । दोश्रो पटक उनी सन् २०१९ मा आए ।

कम्पनी कामको सिलसिलामा दुर्घटनामा परी घाइते भएका राम बहादुर नेपालमा पनि मोटरसाईकल दुर्घटनामा परेपछि उनी रोजगारीका लागि पुनः कोरिया जान सकेनन् । राम बहादुर कोरिया जान नसक्ने भएपछि किम आफ्नो कम्पनीका लागि काम गर्ने राम बहादुरलाई भेट्न नेपाल नै आए ।

मध्यान्ह राष्ट्रिय दैनिक सँगको कुराकानीमा काउन्सेलर श्रम बास्तोलाले भने, 'बुधबार उनी मेरो कार्यालयमा आएका थिए, छोटो कुराकानी भयो । तर उनको कामदार मैत्री व्यवहार र नेपाल प्रतिको धारणाले म बास्तवमै अति उत्साही भएँ । उनलाई उपहार स्वरुप नेपाल भ्रमणवर्ष २०२० को प्रवर्द्धन सामग्री र बुद्धको सानो मुर्ति दिएँ ।'

दक्षिण कोरिया नेपाली कामदारको आकर्षक रोजगार गन्तव्य हो । ईपिएस भाषा परीक्षा प्रणाली लागू भएको सन् २००८ देखि हालसम्म झण्डै पाँच लाख युवा रोजगारीका लागि कोरिया जानकै लागी लाखौं लगानी गरेर भाषा परीक्षामा सामेल हुने गरेका छन् । कोरियामा आप्रवासी कामदार मध्ये इमान्दार र मेहनती कामदार हैसियत बनाएका नेपाली कामदारलाई त्यहाँका रोजगारदाताले विश्वास गर्दै आएका छन् । नेपाली कामदारले मासिक एक लाख ५० हजारदेखि साढे दुई लाखसम्म कमाउँदै आएका छन् । नेपालमा उच्च शिक्षा हासिल गरेका युवाहरुका लागि समेत आकर्षक रोजगार गन्तव्यको रुपमा रहेको कोरियामा विगत एक दशकमा करिब ६० हजारले रोजगारी पाएका छन् । तर सबै कामदारका लागि मुन जस्ता रोजगारदाता फेला पर्दैनन् । जसका कारण कामदार सधैंभरी तनावमा रहने गर्छन् । पछिल्लो समय कोरियामा विभिन्न कारणबाट मृत्यु हुने नेपालीको संख्या बढ्दै गएको छ । धेरै कमाएर पठाउनुपर्ने घरको दवाव र कडा काम गर्नुपर्ने बाध्यतामा रहने केही नेपाली कामदारले हिनताबोधका कारण डिप्रेशनमा गई आत्महत्याको बाटो रोज्ने गरेका छन् ।

कतिपय कामदार औद्योगिक तथा सडक दुर्घटनामा परी मरेका छन्, भने कति अनियमित खानपानका कारण सुतेकै अवस्थामा ज्यान गुमाउन बाध्य छन् । मानसिक तनाव, कामको चाप, खानपिन, हावापानीलगायत कारणबाट कोरियामा मृत्यु हुने नेपालीको संख्या बढ्दै गएको रोजगारबाट फर्किएका नेपालीहरुको भनाइ छ ।

# त्रिवेणी धाममा धार्मिक महायज्ञ हुँदै

राजेश्वरी कार्की/मध्यान्ह
काठमाडौं, ९ माघ

भ्रमण वर्ष २०२० लाई सफल बनाउने उद्देश्यसहित पछिल्लो समय विभिन्न स्थानमा महायज्ञ आयोजना गर्ने गरिएको छ । यसैक्रममा नुवाकोट जिल्लाको शिवपुरी गाउँपालिका वडा नं ६ र ७ तथा पञ्चकन्या गाउँपालिका वडा नं ५ मा पर्ने श्री उत्तर प्रयाग त्रिवेणी धाममा धार्मिक महायज्ञ आयोजना गरिने भएको छ ।



'धर्म, कला र सस्कृति नेपालको पहिचान, यसको संरक्षण र पर्यटन प्रवर्द्धन हाम्रो पहिचान' भन्ने नारा सहित बसन्त पञ्चमीको अवसरमा त्रिवेणी धामको प्रचार प्रसार र पूर्वाधार विकास तथा भ्रमण वर्ष २०२० को उपलक्ष्यमा १ लाख बढी पर्यटकहरु भित्र्याउने लक्ष्यका साथ यो धार्मिक महायज्ञ आयोजना गरिन लागिएको आयोजक समिति त्रिवेणीधाम सुधार तथा संरक्षण संस्था महायज्ञ मूल समारोह समितिका अध्यक्ष लिलादेवी थापाले जनाएकी छिन् ।

धार्मिक तथा पौराणिक महत्व रहेको यस धाममा धार्मिक पर्यटनलाई प्रवर्द्धन गर्नका लागि धर्मशालाको निर्माण गर्ने, विभिन्न देवी देवताको मन्दिर निर्माण गर्ने र ध्यान केन्द्रको निर्माण तथा बौद्धमार्गीहरुका लागि गुम्बा निर्माण गर्ने कार्य भइरहेको र यही कार्यलाई सहयोग पुर्‍याउने उदेश्यले सप्ताह महायज्ञको आयोजना गर्न लागिएको महायज्ञ मूल समारोह समितिका उपाध्यक्ष एवं प्रचारप्रचार संयोजक रामचन्द्र पाठकले जानकारी दिए ।

भौगोलिक तथा धार्मिक दृष्टिकोणले महत्वपूर्ण मानिएको यस धामको प्रचारप्रसार र थप विकास भएमा देशकै विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षाको साथै राज्यले राखेको 'समृद्ध नेपाल, सुखी नेपाली' को आकांक्षालाई पूरा गर्ने विश्वास आयोजक समितिले लिइएको छ ।

त्रिवेणी धामले आम हिन्दु तथा बौद्धमार्गीहरुको आस्थालाई अझ उजागर गर्ने विश्वास सहित महायज्ञ गर्ने लागिएको अध्यक्ष थापाले बताइन् । आगामी माघ १६ गतेदेखि २४ गते सम्म चल्ने महायज्ञमा विश्वविख्यात कथावाचक बाल व्यास विभूतिश्री ईश्वर कृष्णमहाराजबाट श्रीमद्भागवत सप्ताह महायज्ञ तथा बौद्ध धर्मगुरु खेम्पो कमल भण्डारबाट विशेष प्रवचन लगायत अन्य थुप्रै कार्यक्रमहरु प्रस्तुत गरिने उपाध्यक्ष पाठकले जनाए ।

त्रिवेणी धाम नेपालका पवित्र र दुर्लभ धामहरु मध्येको एक हो । यो धाममा पौष कृष्ण औंसीमा स्नान गर्नाले पुण्य मिल्छ भन्ने पराम्परागत मान्यता रहिआएको छ । त्यस्तै यहाँ आएर आफ्रना पितृहरुको श्राद्ध गर्नाले मोक्ष प्राप्त गर्छन् भन्ने आम विश्वास रही आएको छ । कात्तिक शुल्क पक्षको हरिबोधनी एकादशीको दिन स्नान गर्नाले पुण्य मिल्ने र मकर संक्रान्तिको दिन स्नान गर्नाले पुण्य मिल्छ भन्ने पौराणिक विश्वाससमेत रहेको छ ।

# जनप्रतिनिधिको गुनासो : सडक नै पहिलो चिन्ता



पोखरा/रासस- भूगोलका हिसाबले हिमाल, पहाड र तराई तीनवटै संरचना भएको प्रदेश हो गण्डकी । उत्तरमा चीनसँगको कोराला नाका जोडिएको यो प्रदेश दक्षिणमा भारतसँग त्रिवेणीधाम जोडिएको छ । भौगोलिक विविधतायुक्त यो प्रदेश विकासमा उत्तिकै सम्भावना बोकेको छ तर सडक पूर्वाधार भने यहाँको पहिलो आवश्यकता हो । उत्तरदेखि दक्षिणसम्मका भूभागलाई ११ जिल्लामा समेटिएको यस प्रदेशमा ८५ वटा स्थानीय तह छन् ।

भौगोलिकरूपमा टाढा भएका कारण प्रदेशको हिमाल, पहाड र तराईका जनप्रतिनिधि एकापसमा भेट्न सामान्यतः मुस्किल नै छ । अहिले भने हिमाल, पहाड र तराईका जनप्रतिनिधि एकै ठाउँमा पोखरामा भेट्दा सबैको चासो र चिन्ता सडक सञ्जाल नै देखिन्थ्यो ।

राष्ट्रियसभा सदस्य निर्वाचनका सन्दर्भमा मतदान गर्न पोखरा आएका प्रत्येक जनप्रतिनिधिको एउटै स्वर थियो, 'बाटो नभएर नै विकासले गति लिन सकेन ।' हिमालपारिको जिल्ला मुस्ताङको लोमाङथाङ गाउँपालिकाका उपप्रमुख पेमा डोल्मा विष्टले धेरै सम्भावना रहेर पनि सडक सञ्जाल नजोडिँदा समृद्धि र विकासमा अपेक्षित गति आउन नसकेको धारणा राखिन् ।

'प्रकृति र संस्कृतिका धेरै कुराले हामी सम्पन्न छौं, तर सडक सञ्जालकै अभावमा यी कुराको भरपुर उपयोग हुन सकेको छैन,' उनले भनिन्, 'कोरालादेखि त्रिवेणीसम्म सडक सञ्जाल सहज नहुँदासम्म यहाँको विकासले फड्को मार्न नसक्ने देखिन्छ ।'

जोमसोम-उपल्लो मुस्ताङ सडकखण्डमा बाटो निर्माण भइरहेको बताउँदै उनले यसअन्तर्गत समरको भिरमा भौगोलिक जटिलताका कारण कामले अपेक्षित गति लिन नसकेको बताइन् । पर्यटकीय दृष्टिले धेरै सम्भावनायुक्त यो क्षेत्रमा सडक सञ्जाल सहज भएसँगै स्थानीय सर्वसाधारण एवं पर्यटक सबैलाई आवतजावत गर्न सहज हुने उनको धारणा छ ।

छिमेकी मुलुक भारतसँग सीमा जोडएको विनय त्रिवेणी गाउँपालिकाका प्रमुख डम्बरबहादुर जिसीले सडक सञ्जालकै अभावमा गण्डकी प्रदेशभित्र भएर पनि आफूहरुले प्रदेशवासी भएको अनुभूति गर्न नपाइएको दुःखेसो गरे । प्रदेशको राजधानी आउन मात्र नभई आफ्नै गाउँपालिकाको केन्द्र पुग्नसमेत अर्को प्रदेश भएर जानुपर्ने बाध्यता रहेको उनले बताए ।

'विनय त्रिवेणीका ६ र ७ वडाका सात हजारभन्दा बढी स्थानीय बासिन्दालाई गाउँपालिकाको सदरमुकाम जान पनि ५५ किलोमिटर दूरी पार गर्नुपर्ने बाध्यता छ,' उनले भने, 'मध्यवर्ती संरक्षण क्षेत्र हुँदै आवतजावत गर्ने व्यवस्था मिलाइदिएमा सो दूरी २२ किलोमिटरमा झर्दछ ।' नवलपुर क्षेत्रका सर्वसाधारणलाई गण्डकी प्रदेशको जनता भएको अनुभूति गराउन पनि यथाशक्य चाँडो प्रदेशको राजधानी पोखरासँग सडक सञ्जाल जोडिनुपर्ने उनको भनाइ छ ।

गैँडाकोट नगरपालिकाका प्रमुख छत्रप्रसाद पौडेलले बाटोकै अभावमा धेरै सम्भावना ओझेलमा परेको अनुभव सुनाए । नारायणी नदीको तटबन्धसँगै बाटो खुलाएर व्यवस्थित गर्नसके विनय त्रिवेणीको वडा नं ६ र ७ पनि यातायात सञ्जालमा जोड्ने र यस क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको उनले उल्लेख गरे ।

लमजुङ जिल्लाको क्व्होलासोंथर गाउँपालिकाका उपप्रमुख कुमारीमुनी गुरुङले गाउँपालिका भित्रै पनि सडक सञ्जालको अभावमा जनता पिल्सिरहेको बताइन् । गुरुङ समुदायको आदिभूमि क्व्होलासोंथर, यसको ऐतिहासिकता र प्राकृतिक सौन्दर्यता हेर्न र जान्न चाहने जो कोहीका लागि सडक पूर्वाधारको अभाव समस्याका रूपमा देखिएको उल्लेख गर्दै उनले यसतर्फ संघ र प्रदेश सरकारको समन्वय एवं सहयोग अपरिहार्य भएको बताइन् ।

यहाँका विभिन्न रमणीय गाउँमा घरबास सञ्चालन भएको जानकारी दिँदै उनले कच्ची बाटोका कारण हिउँदमा मात्र यातायातका साधन सञ्चालन हुने भएकाले बाह्रै महिना पर्यटक पुर्‍याउन नसकिएको बताइन् । धेरै सम्भावना रहेर पनि सडक पूर्वाधारका अभावमा पर्यटकीयस्थलको प्रवर्द्धन गर्न नसकिएको उनको भनाइ छ ।

कास्कीको मादी गाउँपालिकाका अध्यक्ष वेदबहादुर गुरुङले प्रदेशको राजधानी पोखरासँग जोडिएर पनि गाउँपालिकाको कुनै पनि सडक हालसम्म कालोपत्र हुन नसकेको बताए । आफूहरु निर्वाचित भइसकेपछि यहाँको कसेरी-याङ्जाकोट सडकका साथै कसेरी सिक्लेस सडक कालोपत्र चरणमा अघि बढेको उनले बताए ।

सडक सञ्जाल नै प्रदेशको विकास निर्माणमा बाधक बन्ने गरेको बताउने प्रदेशसभा सदस्य लक्ष्मी सुनार यसका लागि संघ, प्रदेश र स्थानीय तह सबैको समन्वय हुनु आवश्यक रहेको बताउँछन् । आवश्यक सडक पूर्वाधार निर्माणलाई गति दिँदै समग्र प्रदेशको समृद्धि र विकासमा लाग्नु वर्तमानको टड्कारो आवश्यकता भएको उनको भनाइ छ ।

# प्रधानमन्त्रीले गरे सशस्त्रको तारिफ

**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुक सुन्दर मात्र नभएर सबल, सुशासन र समृद्ध हुनुपर्नेमा जोड दिएका छन् । १९ औं सशस्त्र प्रहरी स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै उनले मुलुक सुन्दर मात्र होइन, विकास, समृद्ध, आधुनिकता, एकता र सुख भएको मुलुक निर्माणमा सरकार अघि बढेको बताए ।

उनले भने, 'राष्ट्र सुन्दर मात्र होइन, सबल, शान्तिपूर्ण र विकसित हुनुपर्छ । जहाँ विकास, समृद्ध, आधुनिकता, एकता र सुख भएको मुलुक निर्माण गर्ने कार्यमा सबैको प्रयास आवश्यक छ । आफ्ना प्रयासहरुलाई अझै तिव्रताका साथ अघि बढाउन जरुरी छ ।'



उनले अहिले सुशासन र कानुनी राजको स्थापनासँगै विकसित मुलुक बनाउनेमा सरकार लागिपरेको बताए । उनले भने, 'राजनीतिक परिवर्तनलाई संस्थागत गरेर संविधानसमेत जारी गरी संविधान कार्यान्वयन गर्ने र संविधान कार्यान्वयनसँगै जनताको सार्वभौमसत्ताको वास्तविक प्रत्याभूति दिलाउने, जनताप्रति उत्तरदायी प्रणालीको विकास गर्ने, कानुनी राजको कार्यान्वयन र सुशासनका साथ अघि बढेर मुलुकलाई गरिबी, निरक्षरता, पछौटेपनबाट मुलुकलाई मुक्त गर्ने अभियानमा जुटेका छौं ।'

उनले राज्यका सबै अंगहरु सुशासन र विकासका कार्यहरुलाई अघि बढाउने काममा आ-आफ्नो ठाउँबाट योगदान गर्न आग्रह गरे । 'त्यस योगदानका क्रममा सशस्त्र प्रहरीले पनि आफ्नो योगदान गरिरहेको र अझै गर्ने र आफूलाई नमुनाका रुपमा प्रस्तुत गर्ने छ । बेरुजु फर्छ्यौटका रुपमा अग्रणी रहेको थाहा पाउँदा खुसी लागेको छ,' प्रधानमन्त्री ओलीले भने ।

राज्यले धान्न सक्ने क्षमताको सुविधा, दक्षता, तालिम र अवसर कसरी उपलब्ध गराउन सक्छौं भन्नेतर्फ सरकारको ध्यान गएकोसमेत उनले बताए । 'देशलाई सर्वोपरी राखेर, सेवा नै धर्मको हिसाबले र अत्यन्तै अनुशासित ढंगले अघि बढिरहेको सशस्त्र प्रहरीले यसलाई निरन्तरता दिनु र सबैको ध्यान जानेछ भन्ने मैले विश्वास लिएको छु,' उनले भने ।

उनले सशस्त्र प्रहरीको योगदानको प्रशंसा गर्दै भने, 'मुलुकमा शान्ति, सुरक्षा, अमनचयनको प्रत्याभूतिका लागि दिलोज्यान दिने सशस्त्रका अधिकारी तथा जवानहरुलाई आदर गर्न चाहन्छु र कतर्व्यपालनाका क्रममा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली अपर्ण गर्दछु ।' विपद्का समयमा सशस्त्रले पुर्याएको योगदानप्रति प्रधानमन्त्री ओलीले सम्मान व्यक्त गरे । उनले सबै मनहरुलाई नेपाली मन बनाउने र सबैलाई नेपालीपनमा ल्याउने कामको सशस्त्र पुऱ्याएको योगदानको उनले सर्हाना गरे ।

# आयोगका पदाधिकारीद्वारा सपथ



**काठमाडौं/मस–** सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पदाधिकारीले आज पद तथा गोपनीयताको सपथ लिएका छन् । सर्वोच्च अदालतमा आयोजित समारोहमा प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले सत्य निरुपण आयोगका नवनियुक्त अध्यक्ष डा गणेशदत्त भट्ट र बेपत्ता आयोगका नवनियुक्त अध्यक्ष युवराज सुवेदीलाई पद तथा गोपनीयताको सपथ गराएका हुन् ।

सोही अवसरमा प्रधानन्यायाधीशको उपस्थितिमा सत्य निरुपण आयोगका अध्यक्ष डा भट्टले नव नियुक्त सदस्यहरु प्रचण्डमान प्रधान, डा गोविन्द गौतम, मन दाहाल र विष्णु पोखरेल तथा बेपत्ता आयोगका अध्यक्ष सुवेदीले नवनियुक्त सदस्यहरु विश्वप्रकाश भण्डारी, गंगाधर अधिकारी, सुनिल रञ्जना सिंह र सरिता थापालाई पद तथा गोपनीयताको सपथ गराएका हुन् ।

सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको संयोजकत्वमा गठित पदाधिकारी सिफारिस समितिले गत शनिबार नाम सिफारिस गरेपछि उनीहरुलाई सरकारले नियुक्त गरेको हो । पदाधिकारीको नियुक्तसँगै गत चैतदेखि रिक्त रहेको दुवै आयोगले पूर्णता पाएका छन् ।

यसैगरी कानून, न्याय तथा संसदीय मामिलामन्त्री भानुभक्त ढकालसँग दुवै आयोगका नवनियुक्त पदाधिकारीले बिहीबार भेट गरेका छन् । भेटमा मन्त्री ढकालले दुवै आयोगले ऐनद्वारा निर्धारित आफ्नो काम समयमा सफलतापूर्वक सम्पन्न गरी शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन पदाधिकारीलाई आग्रह गरे । उनले आयोगका काम कारवाहीमा सरकार तर्फबाट पूर्ण रुपमा सहयोग हुने प्रतिबद्धता व्यक्त गरे ।

# सुखिपुरका सई जिल्ला तानिए

**शुभनारायण कामती/मध्यान्ह**
सिरहा, ९ माघ

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिरहाको सुखिपुर ईलाका प्रहरी कार्यालयमा कार्यरत एक जना प्रहरी जवानले घुस लिँदै गर्दा रङ्गेहात पक्राउ गरेको २४ घण्टा नबित्दै प्रहरी नायव निरीक्षक (सई) राजन थापालाई पनि जिल्ला फिर्ता बोलाइएको छ ।

बुधवार बिहानै ईलाका प्रहरी कार्यालय सुखीपुरमा कार्यरत प्रहरी जवान राजकुमार यादव भारतबाट समान ल्याउन सेटिङ्ग मिलाई दिने भन्दै ५ हजार रुपैयाँ घुस लिदै गर्दा पक्राउ परेका थिए ।

सोही विषयमा अनुसन्धानका लागि ईलाका प्रहरी कार्यालय सुखीपुरका प्रहरी नायव निरीक्षक थापालाई घटनाको २४ घण्टा नबित्दै जिल्ला प्रहरी कार्यालय सिरहाले फिर्ता बोलाएको छ भने ईलाका प्रहरी कार्यालय सुखीपुरमा राम कुमार यादवलाई पठाएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

# छुरा प्रहारबाट एकको मृत्यु, दुई पक्राउ

**भक्तपुर/मस–** मदिरा सेवा गरी सामान्य विवाद हुँदा आफ्नै साथीको छुरा प्रहारबाट एक किशोरको मृत्यु भएको छ । भक्तपुर नगरपालिका-६ भोलाछेंमा भएको विवादमा छुरा प्रहार गर्दा भक्तपुर-१० चोखा कमलविनायक बस्ने १५ वर्षीय रोहन सुवालको बुधबार साँझ मृत्यु भएको प्रहरीले जनाएको छ । छुरा प्रहारपछि फरार रहेका १५ र १६ वर्षीय दुई किशोरलाई प्रहरीले सिद्धपोखरीस्थित कान्तिपुर गेष्टहाउसबाट पक्राउ गरी अनुसन्धान शुरु गरेको महानगरीय प्रहरी परिसर भक्तपुर प्रमुख एवं प्रहरी उपरीक्षक सबिन प्रधानले जानकारी दिए ।

चार/पाँच जना साथीसँगै बसेर मदिरा सेवन गर्दा भएको सामान्य विवादमा साथीले सुवालको छातीमा छुरा प्रहार गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको जानकारी दिँदै उनले व्यासी कालोपाटीबाट प्रहार भएको छुरा बरामद गरेको बताए ।

# बलात्कारको आरोपमा पक्राउ

**सप्तरी/मस–** इलाका प्रहरी कार्यालय कल्याणपुरले चार वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा एक युवकलाई पक्राउ गरेको छ । खडक नगरपालिका-५ का २५ वर्षीय रामभगत चौधरीलाई सो आरोपमा बुधबार पक्राउ गरिएको हो । पीडितका बुवाले उजुरी दिएपछि प्रहरीले आरोपितलाई पक्राउ गरेको जनाएको छ । आरोपितले ललाइफकाइ आफ्नो घरमा लगेर माघ ३ गते बालिका बलात्कार गरेको पीडितले दिदीलाई बताएपछि घटना सार्वजनिक भएको हो ।

# घुस लिएको अभियोगमा का.स. पक्राउ

**इटहरी/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको इटहरी कार्यालयले जिल्ला प्रशासन कार्यालय सप्तरीमा कार्यरत कार्यालय सहयोगी केशवकुमार यादवलाई बिहीबार रु चार हजार घुस लिएको आरोपमा पक्राउ गरेको छ ।

मुद्दा पेशीमा राखिदिन्छु भन्दै सेवाग्राहीसँग रु चार हजार घुस रकम लिँदै गर्दा आयोगको टोलीले कार्यालय सहयोगी यादवलाई जिल्ला प्रशासन कार्यालयको मुद्दा फाँटबाटै पक्राउ गरेको आयोगको इटहरी कार्यालयका प्रवक्ता ज्ञानेन्द्रप्रसाद ढकालले जानकारी दिए । पक्राउ परेका यादवलाई आवश्यक अनुसन्धानका लागि अख्तियारको इटहरी कार्यालयमा लगिने पनि उनले जानकारी दिए ।

# बाल्टिनमा डुबेर मृत्यु

**सर्लाही/मस–** सर्लाहीको कविलासी नगरपालिकामा बाल्टिनमा डुबेर १२ महिनाकी एक बालिकाको मृत्यु भएको छ । नगरपालिका-८ अगर्वा बस्ने सरोजकुमार यादवको छोरी नन्दनी यादव खेल्ने क्रममा बुधबार बाल्टिनमा डुबेर मृत्यु भएको इलाका प्रहरी कार्यालय हरिपुरका प्रहरी निरीक्षक विक्रम साहले जानकारी दिए ।

# निर्माणको अन्तिम चरणमा एशियाकै लामो झोलुंगे पुल

**बलेवा/मस–** बागलुङ-पर्वत जोड्ने एशियाकै लामो झोलुङ्गे पुल निर्माणको अन्तिम चरणमा पुगेको छ । गत वर्ष चैतबाट शुरु भएको बागलुङ नगरपालिका-१ रामरेखा र कुश्मा नगरपालिका-१ पाङ अदुवाबारी जोड्ने ५६७ मिटरको झोलुङ्गे पुलमा स्टिल डिक (फ्याल) बिछ्याउने काम शुरु भएको छ ।



पुललाई आवश्यक २४ वटा लट्ठा तानिसकेपछि त्यसमाथि स्टिलको फ्ल्याक बिछ्याउन थालेको निर्माण कम्पनी थानी/बिएलटी/हिमशिखर कन्स्ट्रक्शनका प्रतिनिधि नरहरि खड्काले जानकारी दिए ।

करिब ६५ मिटर लट्ठामा फ्याल जडानको काम सकिएको छ । 'फागुनभित्र फिटिङको काम सकिन्छ,' उनले भने । कालीगण्डकी नदीमाथि बन्दै गरेको १३० मिटर अग्लो पुलको लट्ठा तान्न गाह्रो र चुनौतीपूर्ण भए पनि नेपालमै पहिलोपटक नमूना परियोजनाको रुपमा लामो पुल निर्माणको काम तीव्र गतिमा भइरहेको छ । अहिले २१ कामदारले नियमित काम गरी रहेका छन् ।

पहिलो चरणमा २४ लट्ठा तानिएको छ ।बाँकी चार वटा साइड लट्ठापछि थप गरिनेछ । पुलमा कूल ९४५ स्टिलका फ्ल्याक बिछ्याउनु पर्छ । दैनिक ४०-५० फ्ल्याक बिछ्याउन सकिन्छ ।

पुलको प्रतिवर्ग फिटमा चार जना अट्ने र पुल भरिभराउ हुँदा थेग्न सक्ने क्षमताको हुनेछ । पुल लामो भएकाले मोटरसाइकल सञ्चालनमा रोक लगाइने छ । आयु ५० वर्ष हुने पुल निर्माणपछि बागलुङ बजारसँग व्यावसायिक सम्बन्ध रहेका कुश्मा नगरपालिकाका जलजला गाउँपालिकावासीलगायतलाई सहज हुने बागलुङ नगरपालिकाका प्रमुख जनकराज पौडेलले बताए । उक्त पुल बागलुङ प्रवेशद्वार मालढुङ्गा बजार, मध्यपहाडी लोकमार्ग र कालीगण्डकी करिडोर सडकखण्डको ठीकमाथि बन्ने भएकाले पर्यटकीय दृष्टिले महत्वपूर्ण हुने छ ।

'सस्पेन्सन' पुल विभागमार्फत भएको खुल्ला बोलपत्र प्रक्रियाबाट निर्माणको जिम्मेवारी पाएको कम्पनीले रु छ करोड ९१ लाखमा ठेक्का सम्झौता गरेको हो । यो पुल एशियाकै लामो भएको निर्माण कम्पनीको दाबी छ । कञ्चनपुरको महाकाली नदीमा बनाइएको मल्टीस्पान प्रकृतिको चाँदनी-दोधारा पुल एशियामा लामो मानिए पनि यहाँको खुला प्रकृतिको पहिलो हो ।

चाँदनी-दोधारा पुलमा १४/१५ वटा टावर राखेर बनाइएको छ । बागलुङमा बन्ने पुल खुला आकाशमा बन्ने भएकाले यस प्रकृतिको पुल नेपालकै सबैभन्दा लामो रहेको निर्माण कम्पनीका प्रतिनिधि खड्काको भनाइ थियो । निर्धारित समयभन्दा छ महिना पहिलै पुल निर्माण सक्ने निर्माण कम्पनीको लक्ष्य छ ।

# मापसे गर्ने चालक हिरासतमा बस्नुपर्ने

**धादिङ/मस–** मादक पदार्थ सेवन गरी सवारी चलाउनेलाई हिरासतमा राखेर मुद्दा चलाइने भएको छ । जिल्ला प्रशासन कार्यालय धादिङले जिल्लामा सडक दुर्घटना रोक्न सो निर्णय गरेको जनाएको छ । मङ्गलबार ढोलामण्डलीबाट फर्किँदै गरेको आइचर ट्रक पल्टिँदा सात जनाको अकालमा मृत्यु तथा ३२ भन्दा बढी घाइते भएका थिए ।



बुधबार जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा प्रहरी, यातायात व्यवसायी, नागरिक समाज सहितको सर्वपक्षीय बैठकमा सो सहमति भएको थियो । बैठकले सहमतिलाई पालन गराउन प्रभावकारी अनुगमन समेत गर्ने निर्णय समेत गरेको छ ।

सिटभन्दा बढी यात्रु चढाउने तथा मालबहाक सवारीले यात्रु चढाउने गरेमा जिल्ला प्रहरी कार्यालयले मुद्दा दर्ता गरी कारवाही गर्ने सहमति बैठकमा भएको छ । प्रमुख जिल्ला अधिकारी असमान तामाङले भने, 'सवारी चालकले मादक पदार्थ सेवन गरेको पाइएमा सवारी चालकलाई अबदेखि जरिवाना होइन, हिरासतमा राखेर कारवाही गर्नेछौं ।' बीमा नभएका सवारी सञ्चालनमा पूर्णरूपमा रोक लगाउने, बिलबुकमा प्रयोजन भनिएको अनुसार सवारी सञ्चालन गर्ने, प्रदूषण पास नभएका सवारी सञ्चालनमा रोक लगाउने, सामान ढुवानी गर्दा सवारी साधनको बाहिर निस्कने गरी सामग्री राख्न नपाइने निर्णय बैठकले गरेको छ ।

ट्राफिक प्रहरीले सवारी चालक र यात्रुका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, टाइमकार्ड व्यवस्था गर्ने, मापसे परीक्षण गर्ने, रातिका लागि विशेष सांकेतिक बोर्डहरुको व्यवस्थापन गर्ने, यात्रु संख्याभन्दा बढी यात्रु राखेमा कारवाही गर्ने निर्णय गरेको छ ।

जिल्लाको प्रमुख तीर्थस्थल ढोलामण्डलीलाई सभ्य बनाउने, मण्डली क्षेत्रमा मदिरा पूर्णरूपमा बन्द गर्ने सहमति गरिएको छ । बैठकमा जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक रवीन्द्र रेग्मी, ट्राफिक प्रहरी प्रमुख, यातायात व्यवसायी र नागरिक समाजका प्रतिनिधिको सहभागिता थियो ।

तालिमको सुवर्ण अवसर
Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।
हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori
तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।
HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।





✓ HK
Cleaners/House Keeping/ Laundry man, Room boy
✓ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
✓ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
✓ FRONT DESK, RECEPTION

रोजगारी पनि भविष्य पनि
■ स्वदेशमै सीप कि विदेशमा
■ स्वरोजगार वा वैदेशिक रोजगार
■ तपाई सीप सिक्नुहोस्
■ अवसर र उपाय हामी खोजी दिन्छौं !

NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.



Cosmo Nepal Travel And Tours (P.) Ltd.
G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# शुभकामनाको सम्मान

६ वर्षे कार्यअवधि तोकिएको राष्ट्रियसभाको निर्वाचन बिहीबार सकिएको छ । निर्वाचन सकिए लगत्तै परिणाम पनि आइसकेको छ । प्रदेशसभा सदस्य र स्थानीय तहका प्रमुख तथा उपप्रमुख निर्वाचक मण्डल रहेको राष्ट्रियसभाको परिणाम निश्चित प्रायः थियो । सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का उम्मेद्वार विजयी भएको बारे थप विश्लेषणको आवश्यकता नै रहेन । पराजित हुन सक्ने प्रदेश नम्बर दुईमा राष्ट्रिय जनता पार्टी (राजपा) सँग गठबन्धन गरेकाले त्यहाँ समेत नेकपा गठबन्धन नै विजयी भयो ।

राष्ट्रियसभा रिक्त नगर्ने संवैधानिक प्रावधान राखिएकाले तीन चरणमा निर्वाचन गर्ने व्यवस्थाअनुसार, पहिलो पटक १८ सदस्यका लागि निर्वाचन भएको छ । संविधान जारी भए पछि पहिलो पटक गठन गरिएको राष्ट्रियसभामा पहिलो पटक दुई, चार र ६ वर्षे समयअवधि राखेर गोला टिपाइएको थियो । त्यस मध्ये दुई वर्षे कार्यकालको गोला तान्ने सांसदहरूको स्थानमा निर्वाचन भएको हो ।

यो निर्वाचनमा प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस नेतृत्वको गठबन्धन पराजित भएको छ । यो पराजय पनि पूर्व निर्धारित जस्तै थियो । किनभने, राष्ट्रियसभाका लागि मतदान गर्ने स्थानीय तहका प्रमुख तथा उपप्रमुख र प्रदेशसभा सदस्यमा काँग्रेस अल्पमतमा थियो । उसले अर्का प्रतिपक्षी दल समाजवादी पार्टी, नेपालसँग सहकार्य गरे पनि जित संभावना नजिक थिएन । त्यसैले, राष्ट्रियसभाको परिणाममा परिवर्तन ल्याउनलाई प्रदेश तथा स्थानीय तहमा काँग्रेसले बल लगाउनुपर्नेछ ।

सँगै, नेकपाले यसपटक जसरी जितेको छ, यो जित कायमै राख्न पनि जनमतमा जानैपर्नेछ । अर्थात्, अब तीन वर्ष पछाडि हुने प्रदेशसभा निर्वाचन र साढे दुई वर्ष पछाडि हुने स्थानीय तह निर्वाचनमा जनताको मन जित्नेगरी दुवै तर्फले काम गर्नुपर्नेछ । त्यसका लागि प्रतिपक्षी दलले त मेहनत गर्नुपर्ने नै छ । त्यो भन्दा ठूलो प्रश्न भने सत्ता पक्षमाथि नै उठ्छ । अहिले विजयको माला पहिरिएका राष्ट्रियसभा सदस्यहरू सँग समेत जनमतको प्रश्न जोडिन्छ ।


किनभने, प्रवुद्ध व्यक्तिहरू सामेल हुने कल्पना गरिएको राष्ट्रियसभाले समेत जनताको हितमा काम गर्न नसकेको आरोप लाग्दै आएको छ । जस्तो– संविधान प्रदत्त केही अधिकार खोसिनेगरी विधेयकहरू आइरहेको छ । यसको विरोध पनि भइरहेको छ । तर, प्रवुद्ध सदस्य भनिएको राष्ट्रियसभाले यसबारे जनताको भावना बुझ्नेगरी काम गरेको देखिदैन । तसर्थ, बिहीबार विजय माला सहित राष्ट्रियसभा भित्रिएका सांसदहरूले यसबारे गम्भीर हुन जरूरी छ । जनताका प्रतिनिधिले लगाइदिएका मालाको सम्मान, तिनै प्रतिनिधिहरूलाई सही मार्ग देखाउन सक्दा मात्रै सार्थक हुनेछ ।

## सामाजिक सञ्जाल




उच्च अदालत विराटनगरको 'पुर्पक्षका लागि थुनामा राख्नु' भन्ने आदेश आउनु अघि नै सिद्धबाबा भारत छिरे । आदेश आउनु पूर्व सूचना चुहाउने त्यस्ता भ्रष्ट कर्मचारीका कारण न्यायालयप्रति पीडितको विश्वास गुम्दैछ ।

**- तेजेन्द्र काफ्ले**




सांसद मनाङ्गेलाई त्यसरी नपक्डिदिए हुन्थ्यो । काम गर्छु भनेर ढाँट्ने एक दर्जनजति नेता र मन्त्रीहरूलाई झापड हानेको हेर्न पाए मजै आउँथ्यो भन्या । इतिहासमा, पहिलो कार्यकालमा मातृका यादवले पनि झापड हान्थे, शौचालयमा थुन्थे, पछि त आफै निकम्मा जस्तो भएर निस्केको उदाहरण छ ।

**– लक्ष्मीपुजा**



शुक्रवार वागमती प्रदेशले सोनाम ल्होसारको बिदा दिएछ तर उपत्यकाका तीन जिल्लामा भने लागु नहुने रे । हे हरि ! काठमाडौं कुन प्रदेशमा हो ? यदि वागमतीमा हो भने किन बिदा नदिने ? यदि विदा अनावश्यक हो भने प्रदेशले किन दिने ? कस्तो संघ ? कस्तो प्रदेश यो ??

**– प्रकाश गिरी**



अख्तियारको क्षेत्राधिकार खुम्च्याउँदै साना माछालाई झन् कडाइ र ठुला माछालाई सहज उन्मुक्ती दिने प्रयासमा रैछ सरकार । सरकारको नियत 'भ्रष्टाचार विरूद्धको सहकार्य' हैन भ्रष्टाचारको लागी सहकार्य जस्तो देखियो ।

**– नम्रता ढुंगाना**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail.com

# नेपालमा अनुसन्धानको औचित्य र आवश्यकता



■ भीमप्रसाद काफ्ले

> परामर्शदाताका रूपमा उच्च तहबाट सेवानिवृत्त कर्मचारीले स्नातक र स्नातकोत्तर अध्यनरत आफ्ना नजिकका मान्छेलाई उपयोग गरी न्यून गुणस्तरका अनुसन्धान हुने प्रवृत्ति व्याप्त रहेको छ ।

कुनै पनि देशको अध्ययन-अनुसन्धान उक्त देशको शैक्षिक प्रणाली एवं विश्वविद्यालयको अनुसन्धानमा निर्भर हुन्छ । नेपालको शैक्षिक प्रणाली सैद्धान्तिक बढी छ र प्रयोगात्मक एवं अनुसन्धानमा आधारित कम छ । सोको पुष्टि गर्न त्रिभुवन विश्वविद्यालय र आंगिक क्याम्पसबाट स्नातकोत्तर गर्ने विद्यार्थीका लागि थेसिस लेखिदिने व्यवसाय कीर्तिपुर, पुतलीसडक, प्रदशनीमार्ग र मीनभवन आसपासमा फस्टाएको देख्दा नै थाहा हुन्छ । केही समयअघिसम्म विद्युत्का पोल र कलेज आसपासका भित्तामा यहाँ ७ हजार ५ सयमा थेसिससम्बन्धी सम्पूर्ण काम गरिन्छ भनि उल्लेख गरिएको विज्ञापनबाट नै थाहा हुन्छ ।

निजामती सेवा एवं कर्मचारीतन्त्रमा उपल्लो तहमा कार्यरत कर्मचारीले पाको उमेरमा विद्यावारिधि गरेमा आलोचना गर्नेहरूले अर्कालाई थेसिस लेख्न लगाएर गरेको भन्ने आरोप लगाएको सहजै सुन्न सकिन्छ । नेपाली विश्वविद्यालयमा कार्यरत प्रायः लेक्चरर प्राध्यापकहरू भारतीय विश्वविद्यालयबाट विद्यावारिधि गर्छन् ।

अन्य सार्वजनिक क्षेत्रमा पनि अनुसन्धानको अवस्था दयनीय छ । अनुसन्धानमूलक निकाय, तथ्यांक उत्पादन तथा सङ्कलन गर्ने र अभिलेख राख्ने निकायको समन्वय प्रभावकारी हुन सकेको छैन । अनुसन्धानमा सहयोग गर्ने एक जना प्राध्यापकले कक्षामा भने अनुसन्धानका लागि तथ्यांकको उपलब्धता राम्रो हुनुपर्‍यो जुन अनुसन्धानका लागि अपरिहार्य मानिन्छ चाहे प्राथमिक होस् वा द्वितीय । करिब डेढ वर्षको कोरियाको अध्ययनको सिलसिलामा लेख्नुपर्ने पेपर, कार्यपत्रका लागि आवश्यक तथ्यांक अन्य अतिकम विकसित, विकासोन्मुख र विकासशील मुलुकका तुलनामा नेपालको अवस्था सन्तोषजनक भए पनि आफैंलाई आफ्नो देशको अनुसन्धानको अवस्था तथा तथ्यांक उत्पादन, सङ्कलन र व्यवस्थापन प्रभावकारी गर्न नसकेको महसुस भएको छ । सामान्य तथ्यांक पनि व्यवस्थित गरेर राख्ने गरेका छैनौं । एकपटक कति निजामती कर्मचारीहरूले हालसम्म वैदेशिक छात्रवृत्तिमा अध्ययन गरेका छन् भन्ने तथ्यांक आवश्यक भयो । सामान्य प्रशासन मन्त्रालयले छात्रवृत्ति बाडँफाँड गर्ने भएकाले अभिलेख होला भनेर त्यहाँ कार्यरत मित्रलाई अनुरोध गरेको कारिक दुई हप्ताको अन्तरालमा आव ०७२/७३ मा प्राप्त छात्रवृत्ति र सोको बाँडफाँड मात्र प्राप्त भयो अनि हाम्रो देशको तथ्यांकको उत्पादन, सङ्कलन र व्यवस्थापनको अवस्थाका बारेमा सोच्न बाध्य भए । एक्सेलमा पनि यो तथ्यांकलाई व्यवस्थित गर्न सकिन्थ्यो ।

देश संघीयतामा जाँदै छ । कर्मचारी समायोजन गर्नुपर्ने टड्कारो आवश्कता छ । संघीयताको सफल कार्यन्वयनका लागि सही व्यक्तिको सही स्थानमा समायोजन गर्नु आवश्यक छ । त्यसका लागि हामीसँग कस्तो ज्ञान सिप भएको जनशक्ति कति छ भन्ने तथ्यांक छैन । बर्सेनि करिब १ सय जनाजति सरकारी कर्मचारीहरू कोरिया, जापान, चीन, भारत, अस्ट्रेलिया, सिंगापुरलगायतका मुलुकमा अध्ययन गर्न जाने गर्छन् । अहिले कर्मचारीको सेवा समूह र सोका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताको आधारमा समायोजन गरे जनशक्तिले आर्जन गरेको ज्ञानको उपयोग राष्ट्रहितमा नहुने देखिन्छ । सामान्य प्रशासन समूहको शाखा अधिकृतले सूचना-प्रविधिको अध्ययन र कम्प्युटर अधिकृतले अर्थशास्त्र र सार्वजनिक नीतिको अध्ययन गरेको उदाहरण प्रशस्तै छन् । सोको समेत उपयोग हुने गरी समायोजन गर्न उक्त कुराको अभिलेख हुनु जरुरी हुन्छ ।

पछिल्लो समय केन्द्रीय निकायमा अनुसन्धानका लागि केही बजेट छुट्याउने गरेको छ, तर उक्त बजेटको उपयोग र अनुसन्धानको अवस्था र गुणस्तर हेर्दा पीडाबोध हुन्छ । सेवानिवृत्त उच्च कर्मचारीको प्रभावमा उक्त अनुसन्धानका लागि छुट्ट्याइएको बजेट सदुपयोग हुन सकेको छैन । परामर्शदाताका रूपमा उच्च तहबाट सेवानिवृत्त कर्मचारीले स्नातक र स्नातकोत्तर अध्यनरत आफ्ना नजिकका मान्छेलाई उपयोग गरी न्यून गुणस्तरका अनुसन्धान हुने प्रवृत्ति व्याप्त रहेको छ । निकायमा कार्यरत मौजुदा जनशक्ति अनुसन्धानप्रति उत्सुक र कर्तव्यबोध गर्न चाहँदैनन् । अनुसन्धान भनेको परामर्शदाताले गर्ने काम मात्र हो भन्ने बुझाइ छ । अनुसन्धानका अवस्था निकायगत हिसाबले लेखाजोखा गर्दा नेपाल राष्ट्र बैंकको अवस्था अन्य निकायको भन्दा उम्दा देखिन्छ । उच्च तहमा कार्यरत कर्मचारी एवं पदाधिकारीले बेलाबेलामा अनुसन्धान गरेर प्रकाशन गरेको देखिन्छ । अन्य निकायमा केवल सामान्य लेखहरूको सँगालो प्रकाशन गरेर जर्नल नामकरण गरेको प्रशस्तै देख्न सकिन्छ ।

नेपालमा विद्यमान ९ वटा विश्वविद्यालय र तिनका ९१ वटा आंगिक एवं करिब १२ सय सम्बन्धन प्राप्त क्याम्पस, ४ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठानको अनुसन्धानको अवस्था पनि उस्तै छ । कुल प्रतिविद्यार्थी सरकारी खर्चको आधारमा नेपाल संस्कृत विश्वविद्यालयको प्रतिविद्यार्थी खर्च सबैभन्दा बढी करिब ९० हजार छ भने सबैभन्दा कम काठमाडौं विश्वविद्यालयको करिब ३ हजार छ । त्रिभुवन विश्वविद्यालयका प्रतिविद्यार्थी खर्च करिब २१ हजार रहेको छ, जुन नयाँ स्थापना भएका मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाचल विश्वविद्यालयबाहेक अन्य विश्वविद्यालयको तुलनामा कम खर्च गर्नेमा दोस्रो देखिन्छ । पूर्वाञ्चल विश्वविद्यालय र पोखरा विश्वविद्यालयको प्रतिविद्यार्थी सरकारी खर्च क्रमशः करिब ४० हजार र ३० हजार छ ।

विश्वविद्यालयमा अनुसन्धानमा संलग्न हुने भनेको प्राज्ञिक कर्मचारी हुन् । कुल कर्मचारीको अनुपातमा प्राज्ञिक कर्मचारीको अनुपात न्यून हुनुले अनुसन्धानमा संलग्न जनशक्तिको कमीलाई संकेत गर्छ । सबैभन्दा कम प्राज्ञिक कर्मचारी अनुपात पूर्वाञ्चल विश्वविद्यालयको ०.१५ प्रतिशत छ भने सबैभन्दा धेरै काठमाडौं विश्वविद्यालयको ०.७४/७४ प्रतिशत रहेको छ । नेपाल संस्कृत विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय, र पोखरा विश्वविद्यालयको क्रमश : ५५ प्रतिशत, ५३ प्रतिशत र १८ प्रतिशत रहेको छ ।

कुनै पनि मुलुकमा अनुसन्धानको विकासका लागि विज्ञान र प्रविधिमा राज्यको लगानी हुनु आवश्यक छ । विज्ञान र प्रविधिमा सरकारी लगानीको अवस्था कमजोर छ । राज्यको यस क्षेत्रमा लगानी कुल गार्हस्थ्य उत्पादनको केवल १ प्रतिशतमा सीमित छ, जसले अनुसन्धानका लागि आवश्यक बजेट कम भएको स्पस्ट हुन्छ । पछिल्लो समयमा प्रतिकूलताका बाबजुद पनि प्रकाशित अनुसन्धानमूलक जर्नलको संख्या बढ्दो छ, जुन सकारात्मक हो । अनुसन्धानका लागि विकसित एवं विकासशील मुलुकहरू अमेरिका, बेलायत र भारतसँगको सहकार्य बढ्दो छ, जुन सकारात्मक विषय हो र पनि देशको स्रोतसाधनको उत्तम उपयोग गर्न अनुसन्धानको गुणस्तर र संख्या दुवैमा वृद्धि हुनु आवश्यक छ । उत्कृष्ट अनुसन्धानका लागि पर्याप्त, भरपर्दो र विश्वसनीय तथ्यांकको व्यवस्थापन गर्नु आवश्यक छ भने स्रोतसाधनको पर्याप्तता र राज्यस्तरबाट अनुसन्धानलाई प्राथमिकता दिन आवश्यक देखिन्छ ।

***(लेखक नेपाल सरकारको छात्रवृत्तिमा दक्षिण कोरियामा अध्यनरत छन् ।)***

# रैथाने पौष्टिक आहार 'मस्याङ'

**खानामा रहने ग्लुकोसिडेज गतिविधिको प्रतिरोधी क्षमताले मानिसमा टाइप-टु मधुमेह उत्पन्न हुने प्रक्रिया रोक्न सहयोगी हुन्छ । मस्याङको ग्लुकोसिडेज गतिविधिको प्रतिरोधी क्षमता औसत ५५ युनिट हाराहारीमा भेटिन्छ ।**

**नारायण घिमिरे**



स्वाद र पौष्टिकताको हिसाबमा भातसँग दाल वा तरकारीका रूपमा ग्वामग्वाम्ती मुछेर खान उत्कृष्ट रहेको भेटिएकाले राइस बिनको नामले चिनिने मस्याङको गेडा पौष्टिक उत्कृष्टताले भरपुर गेडागुडीमा पर्छ । पौष्टिक उत्कृष्टता हुँदाहुँदै पनि मस्याङ अत्यन्त कम प्रयोगमा आएको खानामा पर्छ ।

अझै पनि यसको पौष्टिकता र अन्य फाइदाहरूबारे धेरै मानिसमा जानकारी पुगेको छैन । हाम्रा किताबहरूमा यो कोसेबालीलाई न्याय पुग्ने गरी पूर्ण पोषण विवरणहरू समेत उपलब्ध हुने गरी प्रकाशित भएको नदेखिनु दुर्भाग्यपूर्ण छ । यसको पोषण उत्कृष्टताबारे जनस्तरमा जानकारी पुग्न सक्दा नेपालको कुपोषणविरुद्धको अभियानमा यो दलहन बालीको परोपकारी भूमिका रहन सक्छ ।

मस्याङको गेडाको औसत कार्बोहाइड्रेड ६० प्रतिशत, प्रोटिन २१ प्रतिशत, फ्याट २ प्रतिशत र ऋड फाइबर ६ प्रतिशत थियो । ऋड फाइबरमा मिनिरलहरूको मात्रा ५ प्रतिशत रहेको देखाएको थियो । खनिजहरूमा यसमा क्याल्सियम, फस्फेट, पोटासियम, फलाम, जिङ्क आदि पाइन्छ । मस्याङमा हुने क्याल्सियम दलहन बालीमा हुनेमध्ये उच्च हो । मस्याङ भिटामिन बी विशेष गरी थायमिन, राइबोफ्लेविन, नियासिन, प्यान्टोटेनिक एसिड र फोलेटको राम्रो स्रोत हो ।

खानामा प्रयोगशालामा परीक्षण गर्दा कति पोषण तत्व भेटिए भन्दा पनि रहेका उक्त पोषण तत्वमध्ये कति शरीरले प्राप्त गर्ने वा बायो-डाईजेसटेबल भेटियो, त्यो महत्वपूर्ण हुन्छ । गेडाको सुन्दर पक्ष के भने यसमा भेटिने क्याल्सियमको शरीरमा सोसिने क्षमता लगभग ६० प्रतिशत (गेडागुडीमा हुने औसत मात्रा २५ प्रतिशत), प्रोटिनको ५४ प्रतिशत हुने हुन्छ । मस्याङमा पाइने प्रोटिनमा मानवका लागि आवश्यक पर्ने धेरै एमिनोएसिड युक्त छ ।

मस्याङमा निकै कम चिल्लो पदार्थ हुन्छ तर जति हुन्छ स्वस्थ फ्याट्टी एसिड दयाक रहेको देखिन्छ । चिल्लोमा हुने फ्याटी एसिडमा शरीरलाई नभई नहुने लिनोलिक र लिनोलेनिक अनसेचुरेटेड फ्याटी एसिड हुन्छ । प्रोटिनमा आल्बुमिन लगभग ७ प्रतिशत, ग्लोबुमिन १४ प्रतिशत हुन्छ । अति महत्वपूर्ण कुरा के भने मस्याङमा कुनै विषयुक्त वा एलर्जी दिने तत्व भेटिँदैन ।

प्रायः सबै गेडगुडीमा रहने एन्टी-निउट्रिसनल फेक्टर्स हुने गर्छ । मस्याङमा फिनोलिक १.७ प्रतिशत, टोटल टेनिन १.४ प्रतिशत, ट्रिपसिन इनहिबिटर ३० मिलिग्राम प्रतिग्राम, फाइटिक एसिड ८ मिलिग्राम प्रतिग्राम, लिपोक्सिनेज एक्टिभिटी ८५० युनिट प्रतिमिलिग्राम र सपोनिन कन्टेन्ट २.५ मिलिग्राम प्रति १ सय ग्राम भेटिन्छ । फाइटेटजस्ता इन्जाइम इनहिबिटरको मात्रा अन्य दाल बालीभन्दा तुलनात्मक रूपमा मस्याङमा कम छ । सामान्य पकाउने तरिकाले फाइटेट धेरै हद सम्म घट्ने गर्छ ।

त्यस्तै प्रायः सबै गेडगुडीमा खाँदा पेटमा पुगेर पाद या ग्यास उत्पादन गर्ने तत्व समेत रहने गर्छ । मस्याङमा पाद या ग्यास उत्पादन गर्ने तत्व ओलिगोस्याकराईड रेफिनोज २ प्रतिशत, स्टाचिलोज १.५ प्रतिशत र भरबेसकोज १ प्रतिशतको हाराहारीमा हुन्छ । कोसे, दाल बालीमा भन्दा मस्याङमा पाद उत्पादन गर्ने तत्व कम भेटिन्छ, जुन फकाउँदा घट्छ । भुटेर भने घट्दैन ।

कुनै पनि खाना आफैंमा कति पौष्टिकताले भरपुर छ भन्ने कुरा पोषणको हिसाबमा सामान्य महत्वको, खानाको पौष्टिकता शरीरले कति सोसेर लिन सक्छ भन्ने कुरा अत्यन्त महत्वको र उक्त खानामा मानसिक, मनोवैज्ञानिक तन्दुरुस्ती व्यवस्थापन गर्न जरुरी हुने एन्टिअक्सिडेन्ट युक्त यौगिकहरू कति छन् भन्ने कुरा अत्यधिक चासो र महत्वको रहन्छ ।

खानाबाट प्राप्त गरिने एन्टिअक्सिडेन्ट युक्त यौगिक भन्नाले खानामा रहेका निश्चित विशेष तत्वहरू भन्ने बुझिन्छ । त्यस्ता निश्चित विशेष तत्वहरू जुन शरीरको नियमित गतिविधि सञ्चालनका क्रममा उत्पन्न हुने फ्री रेडिकलहरू उत्पन्न हुनासाथ तन्तुको कोशिका-कोशिका पक्डने, अयोन र मलिकुलहरूलाई धातुहरूसँग जोडी निष्क्रिय पार्ने, शरीरलाई चाहिने अक्सिजन उत्पादनमा सहयोग गर्ने साथै त्यस्ता रेडिकल मिश्रित यौगिकहरूलाई कोशिका, तन्तु र अङ्गहरूलाई हानी पुर्‍याउन नदिने गरी शरीरबाट बाहिर निकाल्न सहयोगी हुने गुण र क्षमतालाई जनाउँछ ।

एन्टीअक्सिडेन्ट क्षमताले सरिरमा उत्पन्न हुने फ्री-रेडिकलबाट शरीरको कोशिकाको हानि हुनबाट जोगाउँछ । मस्याङमा क्याटेचिन, इपिक्याटेटिचिन, किउमारिक एसिड, फेरुलिक एसिड, भिटेक्सिन, आइसोभिटेक्सिन, सिनापिक एसिड, क्युएरसेटिनजस्ता आठ प्रकारका एन्टिअक्सिडेन्टयुक्त फिनोलिक यौगिकहरू उल्लेखनीय मात्रामा भेटिनुले यो कोसे बालीलाई उत्कृष्ट कोसे बालीको दर्जा दिलाउँछ । मस्याङको औसत एन्टिअक्सिडेन्ट गतिविधि ४२ युनिटजति देखिएको छ, जुन स्वस्थ जीवनका लागि अत्यन्त सुखद समाचार हो ।

खानामा रहने ग्लुकोसिडेज गतिविधिको प्रतिरोधी क्षमताले मानिसमा टाइप-टु मधुमेह उत्पन्न हुने प्रक्रिया रोक्न सहयोगी हुन्छ । मस्याङको ग्लुकोसिडेज गतिविधिको प्रतिरोधी क्षमता औसत ५५ युनिट हाराहारीमा भेटिन्छ । खानाको गलाइकेसन हुने प्रक्रियाको प्रतिरोधी क्षमताले मिर्गौलाको रोग हुनबाट जोगाउँछ । मस्याङको गलाइकेसन हुने प्रक्रियाको प्रतिरोधी क्षमता औसत ६० भेटिएको छ । गलाइकेसन हुँदा खानामा हुने प्रोटिनको आणविक संरचना बिग्रने हुन्छ । आणविक संरचना बिग्रेको प्रोटिनले शरीरमा ट्युमर र क्यान्सरजस्ता विकृति जन्माउँछ । तसर्थ मस्याङको गलाइकेसनप्रतिरोधी क्षमता क्यान्सरप्रतिरोधी समेत रहन्छ । यो डाटाले मस्याङ अन्य गेडागुडीको तुलनामा पौष्टिकतापूर्ण गेडगुडी रहेको पुष्टि गर्छ ।

परम्परागत चिनियाँ औषधी विज्ञानको दाबाअनुसार मस्याङको गेडामा हुने औषधीय क्षमता अन्य सबै कोसे बालीका गेडामा हुने औषधीय गुणहरूभन्दा उत्तम रहन्छ । मस्याङको औषधीय गुणहरू शरीरमा लाभदायक तरल पदार्थ उत्पादन गर्ने, पिसाब खुलाउने, शरीरको सुजन अथवा सुन्निने कम गर्ने, बान्ता रोक्ने, पखाला हुँदा र मदिराको नशाको उपचारमा प्रयोगमा आउने, चिसो गडेको निको गर्ने, घाउमा पिप आउन घटाउने, रगत पातलो पार्ने र धेरै दूध आउने बनाउने आदि हुन् ।

मस्याङजस्ता गेडागुडीहरूको पौष्टिकताको सदुपयोगको विकल्पबारे चर्चाको सन्दर्भमा नेपालमा विद्यमान डरलाग्दो कुपोषण जोडिन आउँछ । कुपोषणको मूल कारक बच्चा जन्मनु अगावै र जन्मेको तीन वर्षभित्र उसले पाएको स्याहारसुसारमा पुग्न नसकेको कमजोरी हुने गर्छ । वर्तमान कथित कुपोषणविरुद्धको सरकारी र गैरसरकारी निकायबाट देखाइएको टालटुले समाधानको विकल्प भने कुपोषणको मूल कारकले पैदा गरेको लक्षण दबाउन केन्द्रित छ ।


आमाको पेटभित्र एक बच्चाको स्वस्थ भ्रुण बसाउन महिला गर्भवती हुनुअघि गर्भाशयमा रहेको डिम्बको स्वस्थ, पुरुष वीर्यको तन्दुरुस्ती, गर्भवती हुँदै गरेकी महिलाको शारीरिक र मानसिक स्वस्थ अवस्था आदिबारे ध्यान पुर्‍याउनु जरुरी छ । गर्भवती बनिसकेकी महिलाको कोखमा रहेको गर्भको सन्तुलित र सुरक्षित विकासमा भने गर्भवती महिलाले लिने चिन्ता, श्वास-प्रश्वास, पानी, खाना, जीवन पद्धति, वरिपरिको वातावरण र त्यसले पुर्‍याएको मानसिक र शारीरिक स्वस्थ तथा तन्दुरुस्तीले भूमिका खेल्छ ।

महिला गर्भवती भएको १६ औं दिन आसपासमा एम्ब्रोइनिक तन्तुबाट निउरल प्लेट बनी मानिसको स्नायु प्रणाली विकास हुन् थाल्छ । त्यसको दुई-चार दिनभित्रै निउरल ग्रोभको स्पष्ट स्केच विकास हुँदै २१ सौं दिन पुग्दा-नपुग्दा निउरल ग्रोभ निउरल प्लेटसँग जोडिँदै निउरल ट्युब बनिसक्छ । निउरल ट्युबअगाडिको भागबाट टाउकोमा हुने अगाडिको, बीचको र पछाडिको मस्तिष्क बन्छ भने बाकी मेरुदण्ड भित्रको स्पिनलकर्ड बन्ने गर्छ ।

मात्र ७ हप्ता पुग्दा नपुग्दा मस्तिष्कको तिनै भागको तीव्र विभाजन हुने क्रम सुरु हुने र सशक्त स्नायु प्रणालीको विस्तारको अभियान सुरु हुने गर्छ । स्नायु प्रणाली विकास हुने क्रममा प्रत्येक मिनेट कम्तीमा २ लाख ५० हजार निउरोनको केसीका बन्ने गर्छ । बच्चा जन्मेको दुई वर्षसम्म यो तीव्र विकास क्रम जारी रहन्छ । यही दुई वर्षभित्र मानिसको जीवन भर हुने दिमागको वृद्धिको ८० प्रतिशत वृद्धि हुने गर्छ । दुई वर्षभित्रै ८० प्रतिशत दिमागको वृद्धि हुने चक्रमा पहिलो तीन वर्ष बाल बालिकाहरूमा हुने मानसिक र शारीरिक विकासमा पुग्ने अवरोध वा संक्रमण उसको जीवनभर हुने शारीरिक तन्दुरुस्तीको ९० प्रतिशतभन्दा धेरै हिस्सा ओगटेको हुन्छ ।

कुपोषणविरुद्धको समाधानको विकल्प भनेको सामाजिक सचेतना जगाउने, मस्याङजस्ता रैथाने विकल्प पहिल्याएर आमाको पोषणमा ध्यान दिने, स्तनपानलाई महत्व दिने, रैथाने उत्पादनमा आधारित बाल पौष्टिकतामा ध्यान दिने, सुदृढीकरण वा फोर्टिफाइडभन्दा पूरक आहारको विकल्प अनिबार्य छ । अत्यधिक वा अल्ट्रा प्रशोधित चाउचाउ, चिप्स, कुरकुरेजस्ता जङ्क खानाविरुद्ध ग्रामीण स्तरसम्म अभियान सञ्चालन गर्नु जरुरी छ । स्थानीय स्तरमै उब्जेको भए पनि कीटनाशक र स्टेरोइडदायक खाद्य प्रयोग निषेधका लागिसमेत सचेतना अनिवार्य बनेको छ ।

### सरकारले भन्यो
# कोरोना भाइरस नेपाल आइपुगेको छैन



**काठमाडौं/मस–** सरकारले 'कोरोना भाइरस' अहिले सम्म नेपालमा नदेखिएको तर सर्तकता अपनाइएको जनाएको छ। चीनबाट सुरु भएको 'कोरोना भाइरस' जापान, दक्षिण कोरिया, थाइल्याण्ड, हङकङ, ताइवान, अमेरिका, अष्ट्रेलिया लगायतका मुलुकमा फैलिएको छ । तर नेपालमा अहिले सम्म यस्तो प्रकृतिको भाइरस नदेखिएको सरकारले जनाएको छ ।

बिहीबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा 'कोरोना भाइरस' देखा परेमा कसरी व्यवस्थापन गर्ने भन्ने सम्बन्धमा छलफल समेत घएको छ । छलफलपछि त्रिभुवन अन्तर र्ाष्ट्रिय विमानस्थालमा रहेको हेल्प डेस्कलाई थप प्रभावकारी बनाउने निर्णय भएको शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालका निर्देशक डा. वासुदेव पाण्डेले जानकारी दिए ।

उनले 'कारोना भाइरस' भएको शंका लाग्ने वित्तीकै विशेष एम्बुलेन्स मार्फत अस्पतालसम्म पुऱ्याउने व्यवस्था समेत गर्न लागिएको बताए । उनले शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पताल टेकु, प्रहरी अस्पताल, पाटन हस्पिटल, टिचिङ हस्पिटल लगायतका अस्पतालहरुमा उपचार गर्न सकिने समेत बताए । उनले भने, 'नेपालको स्वास्थ्य मन्त्रालयले यस सम्बन्धी थप निगरानी गर्नका लागि सचिवको अध्यक्षतामा बैठक बसिसकेको छ र त्रिभुवन अन्तर र्ाष्ट्रिय विमानस्थलमा भएको हेल्प डेस्कलाई अझ व्यवस्थित गर्ने, त्यहाँ स्क्यानरहरु राख्ने र जो पनि ज्वरो आएका बिरामी छन्, असर परेको ठाउँबाट ज्वरो आएकालाई डेडिकेटेड एम्बुलेन्सबाट पिकअप गर्ने र सम्बन्धित अस्पतालहरुमा लैजाने व्यवस्था गर्ने निर्णय भएको छ । उनले त्यस्ता बिरामीलाई टेकु हस्पिटल, पुलिस हस्पिटल, पाटन हस्पिटल, टिचिङ हस्पिटल लगायतमा उपचार गर्न सकिने पनि जानकारी दिए ।

उनले अहिलेसम्म डराउनुपर्ने अवस्था नरहेको भएपनि एक प्रजातिबाट अर्को प्रजातिमा सजिलै सर्ने भएकाले र मानिसहरुमा पनि स्वासप्रस्वासबाट सर्ने भएकाले डरलाग्दो भएको बताए । उनले 'कोरोना भाइरस' लागेमा रुघा लग्ने, ज्वरो आउने, कतिपयलाई निमोनिया हुने लगायतका लक्षणहरु देखापर्ने र मृत्यु समेत हुने बताए । यसबाट सुरक्षित रहन सतर्क रहनु नै उत्तम विकल्प रहेकोले रुघाखोकी लागेको व्यक्तिको सम्पर्कमा नरहने, भिडभाडमा सावधानी अपनाउने तथा सरसफाइमा विशेष ध्यान दिनुपर्ने उनले बताए ।

# दैलेखमा भत्काइए २४१ छाउगोठ

**दैलेख/मस–** गृह मन्त्रालयको निर्देशनअनुसार छाउगोठ भत्काउने अभियानअन्तर्गत दैलेखमा दिनहुँ धमाधम भत्काउन थालिएको छ । गत पुस २१ गतेदेखि थालिएको अभियानमा विभिन्न स्थानीय तहमा गरी २४१ छाउगोठ भत्काइएको हो । जिल्ला प्रहरी कार्यालयको तथ्यांकअनुसार गत पुस २१ देखि यही माघ ६ गतेसम्म पाँच स्थानीय तहमा छाउगोठ भत्काइएको हो। दैलेखको अछामसँग सिमाना जोडिएको आठबिस नगरपालिका जिल्लाकै बढी ११२ छाउगोठ भत्काइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक नैनबहादुर साउदले बताए ।

त्यसैगरी भैरवी गाउँपालिकामा ५८, दुल्लु नगरपालिकामा १३, गुराँस गाउँपालिकामा तीन, चामुण्डाविन्द्रासैनी नगरपालिकामा २० र अन्य स्थानीय तहमा गरी २४१ छाउ गोठ भत्काइएको उनले जानकारी दिए । जिल्लामा सामाजिक कु-संस्कारका रूपमा व्याप्त प्रथा उन्मूलनका लागि स्थानीय प्रशासनले कडाइका साथ काम गरेको भए पनि मनको छाउ नभत्केको नारायण नगरपालिका-१ दैलेखका समाजसेवी मनोज थापा बताउँछन् ।

पहिलो चरणमा ११ वटै स्थानीय तहमा छाउपडी उन्मूलनसम्बन्धी अन्तरक्रिया र छलफल गरिएपछि दैलेखमा छाउगोठ भत्काउने अभियान थालिएको हो । छाउगोठ भत्काउन स्थानीय तहका जनप्रतिनिधिले पनि सक्रिय सहभागिता जनाएका छन् । तर पश्चिमको ठाटिकाँध गाउँपालिका, पूर्वको भगवती गाउँपालिका, महाबु गाउँपालिका र नौमूले गाउँपालिकामा छाउगोठ भत्काइएको छैन ।

ठाटिकाँधमा छुट्टै छाउगोठ नभएका घरकै गाई गोरु बाँध्ने ठाउँमा महिनावारी भएका महिला बस्ने गरेकाले गोठ भत्काउँदा घर भत्किने हुनाले गोठ नभत्काइएको प्रहरी निरीक्षक साउदले बताए । छाउगोठ भत्काउन बाँकी रहेका महाबु, भगवती, नौमूले र डुगेश्वर गाउँपालिकामा उस्तै समस्या भएको प्रहरी निरीक्षक साउदको भनाइ छ ।

दैलेखको पश्चिम नौमूले गाउँपालिकामा छाउप्रथा नरहेको र नौमूलेको सल्लेरीका केही ठाउँमा रहेको हुँदा त्यस क्षेत्रमा गाउँपालिकाबाट जनचेतनामूलक कार्यक्रम गरिने उपाध्यक्ष अमृता सिंहले बताइन् । जिल्लाका अधिकांश बस्तीमा महिनावारी हुँदा बस्न छुट्टै छाउगोठ छैनन् । उनीहरू गाई भैंसीसँगै गोठमा बस्ने गरेका छन् । महिनावारी हुँदा गाईभैंसी बाँधेकै ठाउँमा बस्ने महिलाको संख्या जिल्लामा अत्याधिक छ ।

# वैज्ञानिक प्रतिभा उजागर गर्न 'ग्रान्ड साइन्स फेस्टिभल'



**काठमाडौं/मस–** विज्ञान तथा प्रविधिको शिक्षालाई व्यवहारमा उतार्न र देशका विभिन्न कुनामा लुकेर बसेका वैज्ञानिक प्रतिभालाई उजागर गर्न ग्रान्ड साइन्स फेस्टिभल (विज्ञान तथा प्रविधिको बृहत् प्रदर्शनी एवं महोत्सव) हुने भएको छ। महोत्सव फागुन ८ देखि १० गतेसम्म हुने आयोजकले आज रिपोर्टर्स क्लबमा पत्रकार सम्मेलन गर्दै जनाएका छन् ।

नेपालगन्जमा हुने महोत्सवका आयोजकमा ए वन एजुकेसन एक्सप्रेस, नेपालगन्ज, ध्रुवतारा एजुकेसन र ग्रेस इन्टरनेसनल हुन् । महोत्सवको उद्घाटन भने संघीय सरकारका शिक्षा, प्रविधि तथा विज्ञानमन्त्री गिरिराजमणि पोखरेलले तय भएको आयोजकको भनाइ छ।

'राष्ट्र निर्माणका लागि विज्ञान तथा प्रविधि' भन्ने मूल नाराका साथ आयोजना गर्न लागिएको महोत्सवमा देशव्यापी रूपमा विज्ञान तथा प्रविधिमा रुचि राख्नेको सहभागिता हुने पनि आयोजक कमिटी अध्यक्ष आतंक बस्नेतले जानकारी दिए । उनका अनुसार बृहत् प्रदर्शनी तथा महोत्सव भने नेपालगन्जको सडक डिभिजन कार्यालय परिसर काँरकादोमा हुनेछ । उनले भने, 'महोत्सवमा विज्ञान र प्रविधिसँग सम्बन्धित ३ सय स्टल राखिनेछन् ।'

ती स्टलमा कक्षा ८ देखि कक्षा १२ सम्मका विद्यार्थीलाई रोबोटिक्स एन्ड इन्टेलिजेन्ट मेसिन्स, फिजिक्स एन्ड एस्ट्रोनोमी, एग्रिकल्चरल टेक्नोलोजी, इन्जिनियरिङ मेकानिक्स, केमेस्ट्री, बायोलोजी, इनोभेसन एन्ड एक्जिस्टिङ टेक्नोलोजी, इन्फर्मेसन एन्ड कम्प्युटर साइन्स, इनभाइरोमेन्टल इन्जिनियरिङ एन्ड रिनेबल इनर्जी र म्याथमेटिक्सको थिम दिएको पनि अध्यक्ष बस्नेतले जानकारी दिए । उनका अनुसार विद्यालयस्तरको वैज्ञानिक प्रतिभा प्रदर्शन प्रतियोगिताका प्रथम हुनेलाई १ लाख, द्वितीयलाई ७५ हजार, तृतीयलाई ५० हजार र सान्त्वना हुनेलाई २५ हजार प्रदान गरिनेछ ।

त्यसैगरी युवा वैज्ञानिकहरूको खुला प्रतियोगितातर्फ प्रथमलाई ५० हजार, द्वितीयलाई ३० हजार र तृतीयलाई २० हजार तथा कविता, वादविवाद र नाटक प्रतियोगितामा प्रथम हुनेलाई ५० हजार नगद राशिको पुरस्कार वितरण गरिने अध्यक्ष बस्नेतले बताए ।

करिब ४० लाख खर्च अनुमानित गरिएको उक्त महोत्सवमा जुरी मेम्बरका रूपमा नार्क र नास्टका ७ वैज्ञानिकको निर्णायक मण्डल रहने बताइएको छ । उनले पुरस्कारमा मात्रै ४ लाख खर्चिने प्रस्टयाए । कार्यक्रममा आयोजक समितिका सदस्य एन्ड्रयु पौडेलले आफूहरूले यस्तो प्रकारको महोत्सव पहिलोपटक आयोजना गर्न लागे पनि भविष्यमा राष्ट्रियस्तरसम्म पुऱ्याई राज्यको समेत संलग्नता रहने गरी प्रत्येक वर्ष आयोजना गर्ने लक्ष्य रहेको सुनाए ।

# कञ्चनपुरमा टिप्परले किचेर युवती माऱ्यो

**कञ्चनपुर/९ मस–** टिप्परको ठक्करबाट कञ्चनपुरमा एक युवतीको मृत्यु भएको छ । बिहीबार दिउँसो जिल्ला सदरमुकाम महेन्द्रनगर बजार नजिकै से१क ८८७ नम्बरको टिप्परको ठक्करबाट बैतडीको गुरुखोला घर भई हाल भीमदत्त नगरपालिका-१६ गोवरीया बस्दै आएकी २० वर्षीया र मिता भट्टको मृत्यु भएको हो ।

टिप्परले साइकलमा गइरहेकी भट्टलाई ठक्कर दिएको थियो । ठक्करबाट उनको घटनास्थलमै ज्यान गएको हो । घटना लगत्तै चालक फरार भएका छन् । घटनापछि महेन्द्रनगर अहिले तनावग्रस्त भएको छ । चालकले टिप्पर वेग गरेर किचेको भन्दै स्थानीयले पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरेका छन् । प्रहरीले घटनास्थलमा तीन राउण्ड अश्रुग्याँससमेत प्रहार गरेको छ ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७६/१०/१०

यस कम्पनीको मिति २०७६/०८/११ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **युनिक्याम्पस आई.टी. एकेडेमी प्रा.लि. (प्रा.लि.नं. १९१९९६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०९/११ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **डीजी स्कुल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७६/१०/१०

यस कम्पनीको मिति २०७६/०९/१७ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एस्युरेन्स फर्मास्युटिकल्स प्रा.लि. (प्रा.लि.नं. १६६७१५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/१०/०१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एस्युरेन्स नेपाल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७६/१०/१०

यस कम्पनीको मिति २०७६/०९/१० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **शंकर ट्राभल एण्ड टुर्स प्रा.लि. (प्रा.लि.नं. १८९३४०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०९/१६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **डी.एन.एस. टुर्स एण्ड ट्रेक्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।



## कतारमा वैदेशिक रोजगारको अबसर

१. कम्पनी : MIFTAH AL SALAMA CONTRACTING & SERVICES — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७६/१०/०९ — चलानी नं.: ६०१५०४३० — LT. No.: 231326

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 10 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen Cleaner Worker | 1 | 0 | | 900 | २८,०९० | | | | | | | |

२. कम्पनी : SEATTLE HOSPITALITY AND CLEANING — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७६/१०/०९ — चलानी नं.: ६०१५०४२९ — LT. No.: 230909

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaner | 18 | 15 | स. काममा दक्ष | 900 | २८,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ १७ गते (31 Jan. 2020) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Growth Process International Employment Pvt. Ltd.**
P.O.Box No.: 12839, Basundhara-3, Kathmandu, Nepal, Phone No.: 4383347, Fax: 4383347
Mob.: 9849476159, 9851146986, 9808932656, 9823862551
Email : growth_processintl@yahoo.com, Web. : www.growthprocessintl.com
श्रम ईजाजत पत्र नं. ५१८/०६१/०६२



## मलेसियामा रोजगारको अवसर

कम्पनी : COSCOLAB SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०७६/१०/०९ — चलानी नं.: ६०१५०४०३ — LT. No.: 231171

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 20 | 0 | स. काममा दक्ष | 1200 | ३३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७६ माघ १७ र १८ गते (31 Jan. & 1 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**काबेली ह्युमन रिसोर्स प्रा. लि.**
Govt. Lic No.: 807/065/066
पिंगलास्थान-९, गौशाला, काठमाडौं ,नेपाल, फोनः ४११३६०७, फ्याक्सः ४११३६०७



## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: GREEN GLOBAL TECHNICAL SERVICES L.L.C., UAE
पूर्व स्वीकृत मितिः २०७६/१०/०९ — चलानी नं.: ६०१५०३९६ — L.T. No.: 231624

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 75 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २४,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner Female | 0 | 10 | | 900 | २७,८३५ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १७ गते (31 Jan. 2020) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अक्टोपस ओभरसिज प्रा. लि.**
राजाजनक मार्ग-३२, तिनकुने, काठमाडौं, नेपाल, फोन : ४११२१४२, ४११२१४५
E-mail: octopusoverseas1@gmail.com, Web.: www.octopusoverseasnepal.com
श्रम इजाजत नं. १०१४/०६८/०६९



## मलेसियामा रोजगारको अवसर

कम्पनीः MUTIARA KAWALAN SDN BHD — शहर: SELANGOR
पुर्व स्वीकृत मितिः २०७६/०९/२५ — चलानी नं.: ६०१४९९१५ — L.T. No.: 230341 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Secuity Guards | 25 | 0 | स. काममा दक्ष | 1100 | ३०,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १७ गते (31 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**PEACE INTERNATIONAL PVT. LTD.**
Gov. Lic No. 11/044/045
Pingalastha-9 Gaushala, Kathmandu, Tel.: 4113706, 4113707, Fax: 4113708
Email: ipeacepr@yahoo.com, Web.: www.peaceintl.com.np



## साउदीमा रोजगार

कम्पनीः MAJARAT AL-KHAYAL FOR DRINKS PRODUCTION — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७६/१०/०८ — चलानी नं.: ६०१५०४०० — LT. No.: 230949

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 1 | 0 | स. काममा दक्ष | 1500 | ४५,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १७ गते (31 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बद्धनगरमा सम्पर्क गर्नुहोला ।

**R.B. RECRUITMENT SERVICES PVT. LTD.**
Chabahil-7, (Opposite of KL Tower), Kathmandu, Phone : +977-01-4495967, +977-01-4468206
+977-01-4484094, Mobile: +977-9851096571, +977-9801095966, +977-9801095967
E-mail: rbrs929@gmail.com., Web.: www.rbrs.com.np
श्रम इजाजत नं. ९२९/०६७/०६८



## कतारमा रोजगारको अवसर

कम्पनी : AL HUSSAM HOLDING COMPANY — शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७६/१०/०९ — चलानी नं.: ६०१५०४३८ — LT. No.: 230751

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen. Clean Worker | 4 | 0 | स. काममा दक्ष | 900 | २८,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १७ गते (31 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९
E-mail : nepal@soundlinesgroup.com
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३



## साउदीमा रोजगार

कम्पनी : SHAFI MOHD AL BUAINAIN GEN. CONT. EST. — शहरः KSA
पूर्व स्वीकृति मितिः २०७६/१०/०९ — चलानी नं.: ६०१५०४२८ — L.T. No.: 230742

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Operator | 10 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ६६,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Metal Scaffolding Installation worker | 11 | 0 | | 1200 | ३६,३५० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १७ गते (31 Jan. 2020) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.**
पो.ब.नं. १०३०४, का. म. न. पा.-०३, बाँसबारी, (वेलनेस हस्पिटलको अगाडी) काठमाडौं
फोन: ४३७९०४७, ४३७९०९१ फ्याक्स: ४०१७६१६, Email: ayushintl007@gmail.com
श्रम इजाजत नं. ६८८/०६३/०६४

# आज सोनाम ल्होसार
## वागमती प्रदेशमा बिदा



**काठमाडौं/मस–** तामाङ समुदायले माघ शुक्ल प्रतिपदाका दिन मनाउने सोनाम ल्होसार अर्थात् नयाँ वर्ष पर्व आज विविध कार्यक्रम आयोजना गरी मनाइँदैछ। मञ्जुश्री पात्रोअनुसार आजदेखि चरा वर्ष पूरा गरी कुकुर वर्ष प्रवेश हुन्छ।

प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदाका अवसरमा विभिन्न कार्यक्रम गरी सोनाम ल्होसार पर्व मनाइन्छ। मुसा, गाई, बाघ, खरायो, ड्रागन (मेघ), सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र सुँगुर गरी १२ वर्गमा सोनाम ल्होसारलाई विभाजन गरिएको बौद्धनाथ क्षेत्र विकास समितिका पूर्वअध्यक्ष एवं तामाङ समुदायको चाड पर्वका विषयमा खोज गरिरहेका सम्पूर्णकुमार लामाले जानकारी दिए।

ल्होसारका १२ वटै वर्ष पशुपक्षीको नामबाट गणना गरिएकाले तामाङ समुदाय प्रकृतिपूजक रहेको अर्का अनुसन्धाता टीका शेर्पाले जानकारी दिए। यसअवसरमा नेपाल तामाङ घेदुङलगायत संस्थाले टुँडिखेलमा विशेष कार्यक्रमको आयोजना गर्ने जनाइएको छ। सोनाम ल्होसार महोत्सवका नाममा तामाङ खाना, वेशभूषा, कला संस्कृतिलगायतको प्रदर्शन गरिनेछ।

यसैबीच वाग्मती प्रदेश सरकारले आज प्रदेशभर सार्वजनिक बिदा दिने भएको छ। तामाङ समुदायको चाड सोनाम ल्होसारका अवसरमा शुक्रबार सार्वजनिक बिदा दिइएको वाग्मती प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालयले जनाएको छ।

मन्त्रालयले सूचना जारी गर्दै प्रदेश सरकारको गत पुस २७ गतेको मन्त्रिपरिषद् बैठकको निर्णयानुसार सो दिन सार्वजनिक बिदा दिइएको जनाएको छ। प्रदेश सरकारले बिदा घोषणा गरेकाले प्रदेशभर छुट्टी हुने वाग्मती प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव मधुसूदन बुर्लाकोटीले जानकारी दिए। काठमाडौं उपत्यकाका हकमा भने केन्द्र सरकारको राजपत्रानुसार हुने उनले बताए।

गृह मन्त्रालयले गत वैशाखमा प्रकाशन गरेको राजपत्रानुसार प्रदेश सरकारले बिदा दिँदा आफ्नो प्रदेशभित्रका केन्द्र मातहतका कार्यालयसहित सम्पूर्ण सरकारी कार्यालय, शिक्षालय, उद्योगधन्दा बन्द रहनेछन्। केन्द्र सरकारले प्रदेश सरकारलाई बढीमा एक वर्षमा ६ दिन बिदा दिन पाउने अख्तियारी दिएको छ। सोही अख्तियारी अनुसार प्रदेश सरकारले आफ्नो प्रदेशका महत्वपूर्ण धार्मिक, जातीय र सांस्कृतिक चाडपर्व अदिमा आवश्यकता हेरी बढीमा ६ दिनसम्म बिदा दिन पाउने व्यवस्था छ। छ दिनभन्दा बढी बिदामा भने केन्द्र मातहतका कार्यालयलाई गृह मन्त्रालयको निर्णय लागु हुनेछ।

# गृहकार्य हेर्ने बहानामा छात्रामाथि यौन दुर्व्यवहार



**विराटनगर/९ मस–** एक धार्मिक विद्यालयका प्रमुखमाथि छात्रामाथि यौन दुर्व्यवहार गरेको आरोप लागेको छ। विराटनगर-८ अशोक चोकमा रहेको 'मदरसा रजाए मुस्तफा आधारभूत विद्यालयका' का प्रधानाध्यापक (मौलवी) अमरुद्धिन मियाँविरुद्ध दुई छात्रामाथि यौन दुर्व्यवहार गरेको आरोप लागेको हो। छात्राहरूले मियाँविरुद्ध किटानी जाहेरी दिएपछि उनी फरा भएका छन्।

जाहेरीपछि मियाँलाई खोज्न प्रहरी पुगेको थियो। तर मियाँलाई नभेटिएको जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता प्रहरी नायव उपरीक्षक लोकदर्शन थापाले जानकारी दिए।

सात वर्षयता मदरसाका कुरान पढाइरहेका मियाँले मंगलबार १४ वर्षीया र बुधबार १३ वर्षीया बालिकालाई कार्यकक्षमा बोलाएर यौनदुर्व्यवहार गरेका थिए। मदरसा पढ्ने करिब २० जना बालबालिका छन्। ती मध्ये तीन जना ठूला छन्।

मंगलबार मौलवीले सबै विद्यार्थीलाई गृहकार्य दिएका थिए। गृहकार्य देखाउनका लागि अफिसमा बोलाएर जवरजस्ती करणीको प्रयास गरेपछि १३ वर्षीय बालिकाले प्रतिकार गरेकी थिइन्।

घटना कसैलाई सुनाए बुबा-आमाको बदनाम गर्ने धम्की दिएपछि बिहीबार बिहान बालिका मदरसा गइनन्। घरबाट स्कुल पठाउन खोज्दा उनले घटनाबारे सुनाएपछि स्थानीय र बालिकाका अभिभावक प्रहरीकहाँ पुगेका थिए।

१३ वर्षीया बालिकाले जाहेरी दिएपछि सोही मदरसा पढ्ने १४ वर्षीया बालिकाले पनि जाहेरी दिएकी हुन्। घटना बाहिर आए बदनाम हुने डरले बसेकी बालिका साथीले जाहेरी दिएपछि आफूलाई पनि आँट आएको बताइन्।

# 'पाठ्यक्रममा सूचना प्रविधि समावेश गर्नुपर्छ'



**वीरगञ्ज/मस–** निवर्तमान राष्ट्रिपति डा रामवरण यादवले सूचना प्रविधिको विकासले नै राष्ट्र विकसित र नेपाली समाज समृद्ध हुने धारणा व्यक्त गरेका छन्। उनले सूचना प्रविधिमा विकास गरेका मुलुकनै समृद्ध भएकाले विद्यलायस्तरबाट सूचना प्रविधिबारे छात्रछात्रालाई ज्ञान दिनुपर्ने विचार व्यक्त गरे।

वीरगञ्जमा बिहीबारदेखि शुरु भएको क्यान इन्फोटेक मेला २०७६ को उद्घाटन गर्दै पूर्वराष्ट्रपति डा यादवले शिक्षा, स्वास्थ्य, व्यापारदेखि रोजगारका क्षेत्रमा सूचना तथा विज्ञानलाई समावेश हुनेगरी नीति निर्माण हुनुपर्ने आवश्यकता औंल्याए। उनले सूचना तथा विज्ञानको सवल तथा दुर्वल पक्षको समेत जानकारी दिँदै नेपाली समाजलाई प्रविधिमैत्री बनाउनुको विकल्प नरहेको विचार व्यक्त गरे।

क्यान नेपाल पर्सा जिल्ला अध्यक्ष दीपक साहको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन समारोहमा क्यानका केन्द्रीय अध्यक्ष नवराज कुँवरलगायतका वक्ताले विद्यालयस्तरमा सूचना प्रविधिलाई पाठ्यक्रममा समावेश गर्न जरुरी भएको धारणा व्यक्त गरेका थिए। सूचना प्रविधिको सदुपयोग तथा दुरुपयागेबारे युवा पुस्तालाई जानकारी नदिए यसले गलत बाटो पहिल्याउने खतरा भएकाले सरकारले यसबारे गम्भीर भएर सोच्ने बेला आएको उनीहरुको भनाइ थियो। बिहीबारदेखि शुरु भएको प्रदेशस्तरीय प्रविधि तथा विज्ञान मेला माघ १३ गतेसम्म सञ्चालन हुने आयोजकले जनाएको छ।

# प्रदेश लोकसेवा आयोग अध्यक्ष र सदस्यद्वारा शपथ ग्रहण

**विराटनगर/मस–** प्रदेश नं १ प्रदेश लोकसेवा आयोगका नव नियुक्त पदाधिकारीले बिहीबार यहाँ आयोजित एक समारोहबीच शपथ लिएका छन्। प्रदेश प्रमुखको कार्यालयमा आयोजित शपथ ग्रहण कार्यक्रममा प्रदेश लोकसेवा आयोगका अध्यक्ष उत्तमकुमार भट्टराई, सदस्यहरु टीकादत्त राई र सजना दाहालले शपथ लिएका हुन्।

विराटनगर उच्च अदालतका मुख्य न्यायाधीश तीलप्रसाद श्रेष्ठले आयोगका अध्यक्ष भट्टराईलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराए। यसैगरी अध्यक्ष भट्टराईले सदस्य राई र दाहाललाई पद तथा गोपनीयताको शपथ ग्रहण गराए।

प्रदेश प्रमुख सोमनाथ अधिकारी प्यासीले प्रदेश लोकसेवा आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ का दफा ३ को उपदफा (२) बमोजिम अध्यक्ष र सदस्यलाई बिहीबार नियुक्त गरेका हुन्। मुख्यमन्त्री शेरधन राईको उपस्थितिमा सम्पन्न शपथ ग्रहण समारोहमा प्रदेशमन्त्री, राज्यमन्त्रीलगायत उच्च पदस्थ कर्मचारीको उपस्थिति रहेको थियो।

**Gharapjhong Rural Municipality**
Office of the Rural Municipal Executive
Jomsom, Mustang
Gandaki Province, Nepal

## Invitation for Bids

(Date of publication: 2076/10/10)

1. The Office of Gharapjhong Rural Municipal Executive, Jomsom invites sealed bids or electronic bids from Nepalese eligible bidders for the Construction of following works under National Competitive Bidding procedures.

| S.N. | Contract Identification No. | Description of Works | Estimated Amount (Nrs.) with VAT | Bid Security Amount(Nrs.) | Cost of Bid Document(Nrs.) |
|---|---|---|---|---|---|
| 1 | GRMJ/NCB/W/11/076/77 | Construction of Welcome Jomsom Entrance Gate , Gharapjhong -3, Mustang | 4788120.39 | 135000.00 | 3000.00 |
| 2 | GRMJ/NCB/W/12/076/77 | River Training Work from SyangPulchowk to Big Boulder, Gharapjhong -3 Syang | 4870198.35 | 135000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Gharapjhong Rural Municipality, Office of the Rural Municipal Executive, Jomsom, email id gharapjhongrmunicpality@gmail.com and phone no. 069-440016 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from Gharapjhong Rural Municipality, Office of the Rural Municipal Executive, Jomsom by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable above fee till 2076/11/11 (February 23rd, 2020) during office hours.
   **Or**
   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank**: Nepal bank Limited **Name of Office:** Gharapjhong Rural Municipality
   **Office Code no.**: 801-04-41014. **Office Account no**.:06803000000004001028
   **Account Name:** Rajaswa (revenue)
